म.जि.प्र.का.द.नं. : १०६/०६८, वर्ष १५ अंक १२० मंगलबार, १ पुस २०८२ ने. सं. ११४६ थिंलागा 16 December 2025 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## राक्सिराङकी गोले गाँजासहित पक्राउ

हेटौंडा, २८ मंसिर/मकवानपुर प्रहरीले लागुऔषध गाँजासहित एक महिलालाई पक्राउ गरेको छ । राक्सिराङ गाउँपालिका-१ बस्ने ४५ वर्षीया लक्ष्मीमाया गोलेलाई २२ किलो ६ सय ग्राम लागुऔषध गाँजा सहित प्रहरीले पक्राउ गरेको हो ।

हेटौंडा-३ स्थित पूर्वपश्चिम सडकखण्डको चेकजाँच क्रममा मकवानपुरबाट चितवनतर्फ जाँदै गरेको शंकास्पद सवारीसाधन तथा यात्रु चेकजाँच गर्दा गोलेको साथबाट यो परिमाणको गाँजा बरामद गरिएको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रवक्ता पुष्कर बोगटीले जानकारी दिए ।

उनका अनुसार जिल्ला अदालत मकवानपुरबाट लागूऔषध कसुर मुद्दामा म्याद अनुमति लिई थप अनुसन्धान भइरहेको छ ।

### सडक विस्तारले हेटौंडाको जनजीवन अस्तव्यस्त बन्दै

# मजदुरदेखि पैदलयात्री, सवारीचालक सबै जोखिममा

मनिल महतो

हेटौंडा, २९ मंसिर/ निर्माणक्षेत्रमा कार्यरत मजदुरले आवश्यक सुरक्षाउपाय अवलम्बन नगर्दा हेटौंडामा दुर्घटनाको जोखिम बढ्दै गएको छ ।

हेटौंडा उपमहानगर क्षेत्रमा सडक विस्तारका क्रममा भत्काइएका भग्नावशेष हटाउने क्रममा पाँच जना मजदुर घाइते भएका छन् । हेटौंडा-१ पिपलबोट, उद्योग वाणिज्य संघ आसपासको क्षेत्रमा पछिल्लो ५ दिनमा भएका छुट्टाछुट्टै तीन घटनामा पाँचजना मजदुर घाइते भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ । गत आइतबार हेटौंडा-१ पिपलबोट स्थित उद्योग वाणिज्य संघ अगाडि रहेको घर भत्काउने क्रममा तीनजना मजदुर घाइते भएका थिए । यसअघि मङ्सिर २४ र २६ गते पनि घर भत्काउने क्रममा दुईजना कामदार घाइते भएका थिए ।

उनीहरुको उपचार जारी छ । निर्माणक्षेत्रका अधिकांश मजदुर हेल्मेट, जुत्ता, पञ्जा र सेफ्टी बेल्ट जस्ता आधारभूत सुरक्षा सामग्रीबिना नै जोखिमपूर्ण काममा खटिने गरेका छन् । सुरक्षासम्बन्धी मापदण्ड प्रभावकारीरुपमा कार्यान्वयन हुन नसक्दा मजदुर असुरक्षित अवस्थामा काम गर्न बाध्य भएका हुन् । जोखिम हुन्छ भन्ने थाहा हुँदाहुँदै पनि सुरक्षा सामग्री किन्ने क्षमता नहुँदा प्रयोग गर्न नसकिएको मजदुरले बताएका छन् । मकवानपुरका सहायक प्रमुख जिल्ला अधिकारी मोहनराज जोशीले सडक विस्तारका क्रममा भत्काइएका संरचना र सडक पेटीमा थुप्रिएका सामग्री व्यवस्थापनका लागि प्रशासनले आवश्यक समन्वय गरिरहेको दाबी गरे ।

कुनैपनि अप्रिय घटना नहोस् भनेर स्थानीय सरकार, सडक डिभिजनलगायत सरोकारवाला सँग सहजीकरण र समन्वय भैरहको उनले बताए । 'सम्बन्धित घरधनी,



व्यवसायी र मजदुरलाई सुरक्षा उपाय अपनाउन प्रशासनले आग्रह गरेको छ' सहायक प्रजिअ जोशीले भने, 'सडक पेटीमै जीर्ण अवस्थामा रहेका घरमा अझै पनि व्यापार सञ्चालन भइरहँदा व्यवसायी, मजदुर र सर्वसाधारणको सुरक्षा चुनौती बढेको छ ।' उनले भत्किएका संरचनाको व्यवस्थापन गर्ने पहिलो दायित्व सम्बन्धित घरधनी र व्यवसायीको नै भएको बताए ।

'हाम्रो भूमिका आवश्यक समन्वय, सहजीकरण र सुरक्षा प्रदान गर्ने हो,' जोशीले भने, 'अहिले पनि सडक डिभिजन कार्यालय, हेटौंडा उपमहानगरपालिका, उद्योग वाणिज्य संघ र स्थानीय व्यवसायीसँग समन्वय गरेर सडक सफा गर्ने तथा सामग्री हटाउने काम भइरहेको छ । भत्किएका संरचना व्यवस्थापन गर्ने जिम्मा सम्बन्धित व्यवसायी र घर धनीको पनि हो । कतिपय घर धनीले आफैँ व्यवस्थापन गरिर हनुभएको पनि छ । उहाँहरुलाई व्यवस्थापनको काममा सुरक्षा आवश्यक परेको खण्डमा प्रशासनले सुरक्षा उपलब्ध गराउने विषयमा छलफल भइरहेको छ ।' कुनैपनि अप्रिय घटना हुन नदिन र सडकलाई छिटोभन्दा छिटो व्यवस्थित गर्न प्रशासनले स्थानीय तह र निजीक्षेत्रसँग समन्वयको कामलाई तीव्रता दिएको उनको भनाइ छ ।

हेटौंडा उपमहानगर पालिकाले व्यवसायीको स्टक सामान व्यवस्थापनका लागि वैकल्पिक स्थान उपलब्ध गराएपनि व्यवसायी जान मानेका छैनन् । हेटौंडा उपमहानगरले रेडक्रम भवन नजिक रहेको खालीस्थान सेलका सामान बिक्रीका लागि उपलब्ध गराएको प्रवक्ता सविन न्यौपानेले बताए । जोखिमपूर्ण व्यापार नगर्न माइकिङमार्फत् सचेतसमेत गराइरहेको प्रवक्ता न्यौपानेले बताएका छन् । उपमहानगरले अहिलेको अवस्थामा जोखिमपूर्ण ठाउँ क्लियर गर्न र शान्ति सुरक्षा कायम गर्न प्रहरी प्रशासनसँग निरन्तर समन्वय गरि रहेको प्रवक्ता न्यौपानेले जानकारी दिए । 'विद्युत् तथा टेलिफोनका तार नगरपालिकाले गएर काटिदिने कुरा भएन । सम्बन्धित निकाय, टेलिकम र प्राधिकरणले व्यवस्थापन नगर्दा समस्या भएको छ । अहिले मुख्य राजमार्ग र शाखा बाटो जाम भइरहेकाले सडक पेटी यात्रुका लागि कसरी सुरक्षित हुन्छ र ?' उनले भने ।

**सडक विस्तारले अस्तव्यस्त हेटौंडाको बजारक्षेत्र**

'सुन्दर नगरी'को उपमा पाएको हेटौंडा उपमहानगरको बजार क्षेत्र यतिबेला अस्तव्यस्त बनेको मात्र छैन सामान्य जनजीवन पनि प्रभाबित बनेको छ ।

सडक फराकिलो बनाउने क्रममा भत्काइएका संरचना र तिनका भग्नावशेषको व्यवस्थापन हुन नसक्दा दैनिक जनजीवन प्रभावित भएको छ । भत्काइएका संरचनाका ढुंगा, इँटा र रडका टुक्रा सडक तथा सडकपेटीमा छरिएर रहँदा पैदलयात्री तथा सवारीचालक दुवै जोखिममा परेका छन् । संरचना हटाउने क्रममा हुने सम्भावित जोखिमलाई मध्यनजर गर्दै बुद्धचोकदेखि लोकपियसम्मको मुख्य सडक खण्ड बन्द गरिएको छ । संगमचोकदेखि पिपलबोट हुँदै मकवानपुर उद्योग वाणिज्य संघ आउने सडक पनि बन्द गरिएको छ । सडक बन्द भएपछि हेटौंडाको कान्तिलोकपथ, बुद्धचोक, सीमाचोक र मेनरोडक्षेत्रमा सवारी जाम बढ्दै गएको छ । स्थानीय प्रशासनले चौकीटोलदेखि राप्तीपुलसम्म राप्ती खोलाकिनारबाट बाइपास बनाउने भनेपनि यो काम हुन सकेको छैन ।

जामका कारण पैदलयात्रु, सार्वजनिक सवारीका यात्रु तथा निजी सवारी चालकले दैनिक सास्ती खेप्नुपरेको छ । सडक डिभिजन कार्यालयले गत मङ्सिर २० गते हेटौंडाको महेन्द्र राजमार्गअन्तर्गत रातोमाटेदेखि राप्ती पुलसम्म र त्रिभुवन राजपथअन्तर्गत बुद्धचोकदेखि चौकीटोल ओरालोसम्मका घर तथा संरचना भत्काएको थियो । करिब ७ किलोमिटर क्षेत्रभित्र ५०० भन्दा बढी घर तथा संरचना जेसीबी प्रयोग गरेर भत्काइएपछि सडक तथा प्रशासनले सर्वोच्च अदालतबाट स्टे अर्डर जारी भएपछि मङ्सिर २१ गतेदेखि काम रोकेको छ । सर्वोच्च अदालतले मङ्सिर १६ मा दायर भएको रिटमाथि मङ्सिर १९ मा अल्पकालीन आदेश गर्दै स्टेअर्डर दिएको थियो ।

सर्वोच्चको आदेश अनुसार मङ्सिर २६ मा तोकिएको पेसीमा सर्वोच्चले सडक विस्तारबारे विगतका आदेश तथा निर्णय हेर्न मिसिल झिकाउने निर्णय गरेको छ भने पुस २ मा पेसी तोकेको छ । पुस २ को फैसला कुरिरहेका स्थानीय प्रशासन र भत्केको घरमा ब्यापार गर्ने ब्यवसायीबीच समन्वय हुन सकेको छैन । भत्काइएका घर पूर्णरुपमा सफा नगरी डिपिआरको काम सुरु नहुने भएका कारण लामा समयसम्म हेटौंडाबासीले धुलो खान बाध्य हुनुपर्ने अवस्था छ ।

### दोस्रो किस्ता बुझाउन उद्योगलाई पुन: प्राधिकरणको पत्र

# नबुझाए लाइन काट्ने तयारी




साझाकुरा संवाददाता

हेटौंडा, २९ मंसिर/ नेपाल विद्युत् प्राधिकरणले डेडिकेटड तथा ट्रंकलाइन बक्यौताबापतको दोस्रो किस्ता बुझाउन उद्योगी व्यवसायीलाई पुन: पत्राचार गरेको छ ।

प्राधिकरणले पहिलो किस्ता तिरेका उद्योगले दोस्रो किस्ता नबुझाएकाले पत्राचार गरिएको प्राधिकरणका कार्यकारी निर्देशक हितेन्द्रदेव शाक्यले बताए । शाक्यका अनुसार गत मंसिर पहिलो सातामा नै विद्युत वितरण केन्द्रहरु मार्फत उद्योगलाई पत्राचार भएपनि प्राधिकरणले पुन: ताकेता गरेको छ । कार्यकारी निर्देशक शाक्यले भने, 'पहिला पनि पत्राचार भएको थियो । तर, केही उद्योगले मात्रै दोस्रो किस्ता रकम बुझाएकाले पहिलो किस्ता तिरेका सबै उद्योगलाई दोस्रो किस्ता बुझाउन पत्राचार गरिएको हो ।'

प्राधिकरणकाअनुसार उद्योगले दोस्रो किस्ताबापतको रकम नबुझाए फेरि लाइन काट्ने तयारी गरेको छ । प्राधिकरणले उद्योगलाई दोस्रो किस्ता रकम नबुझाए जुनसुकै बेला पनि लाइन काटिने जनाएको छ । प्राधिकरणका अनुसार पहिलो किस्ता बुझाएका २२ उद्योगमध्ये रि लायन्स स्पिनिङ मिल्सले भने अदालतको अन्तरिम आदेश पाएको छ । त्यसबाहेक प्राधिकरणले २१ उद्योगलाई दोस्रो किस्ताबापतको र कम तिर्न पत्राचार गरेर ताकेता गरेको छ । शाक्यका अनुसार प्राधिकरणले मंसिर पहिलो हप्ता प्राधिकरणले पत्राचार गरेपनि ६ उद्योगले मात्रै दोस्रो किस्ता बुझाएका छन् ।

'पहिलो किस्ता कात्तिकमा बुझाएकाले मंसिरमा दोस्रो किस्ता बुझाउनु पर्ने भएपनि अझै बुझाएका छैनन् । त्यसैले आइतबार सबै उद्योगलाई पत्राचार गरेका छौं,' उनले भने । पछिल्लोपटक गत कात्तिक ४ गते बक्यौता नतिर्ने २५ उद्योगको प्राधिकरणले लाइन काटेको थियो । लाइन काटेसँगै २५ उद्योगले करिब एक महिनाको बीचमा पहिलो किस्ता बुझाउँदै लाइन जोडेका थिए ।

प्राधिकरणले बक्यौता रकम तिर्न २८ किस्ताको सुविधा दिएको छ । त्यही सुविधाअनुसार पहिलो किस्ता रकमलाई कात्तिक १७ गते प्रधानमन्त्री सुशीला कार्की, अर्थमन्त्री रामेश्वर खनाल, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्री अनिलकुमार सिन्हा, ऊर्जा जलस्रोत तथा सिँचाई मन्त्री कुलमान घिसिङ र महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकालसहितको उच्चस्तरीय छलफलले डेडिकेटेड फिडर र ट्रंकलाइनको शुल्कसम्बन्धी विवादको मध्यमार्गी प्रस्तावमा सहमति गरेको थियो । सहमतिपछि २३ उद्योगीले पहिलो किस्ता बुझाएका थिए ।

५८ उद्योगबाट २०७२ माघदेखि २०७५ वैशाखसम्मको ६ अर्ब ११ करोड रुपैयाँ बक्यौता उठाउन निर्देशन दिएको छ । यो विवाद कुल ५८ उद्योगको बक्यौताको हो । जसमा १३ उद्योगले लाइन काट्नुअघि नै किस्ताबन्दी तिर्न सुरु गरेका थिए । १० उद्योगले बक्यौताबापतको रकम चुक्ता गरि सकेका छन् भने दुई सरकारी उद्योगले किस्तामा तिर्ने प्रतिबद्धता जनाएका छन् । प्राधिकरणले डाबर नेपाल र सुदूरपश्चिम हवाई कार्यालयको धरौटीजफत गरी बक्यौता असुल गरिसकेको छ । ६ उद्योग अन्तरिम आदेश लिएर बसेका छन् ।

# हेटौंडा जेसीजको आयोजनामा स्वास्थ्य शिविर सम्पन्न

साझाकुरा संवाददाता

हेटौंडा, २९ मंसिर/ हेटौंडा जेसीजको आयोजना तथा हेटौंडा उपमहानगरपालिका १३ नं. वडा कार्यालय र पदमपोखरी अस्पताल सहआयोजना तथा हेटौंडा सामुदायिक आँखा अस्पताल र नेपाल परिवार नियोजन संघको प्राविधिक सहयोगमा पदमपोखरी अस्पतालमा सोमबार बृहत स्वास्थ्य शिविर भएको छ ।

शिविरमा सुगर प्रेशरका साथै आँखा र महिलाको पाठेघरको जाँच गरिएको थियो । हेटौंडा जेसीज वर्ष २०२५ का कानुनी सल्लाहकार विपिन ताम्राकारको संयोजकत्वमा सम्पन्न कार्यक्रममा वर्ष २०२५ का शाखाअध्यक्ष सिनेटर पंकज दास बानियाँको सभाअध्यक्षता एवम् पदमपोखरी अस्पालका प्रमुख डा. सवाना खातुन विशिष्ट अतिथि र हेटौंडा उपमहानगरपालिका वडा नं. १३ का वडाअध्यक्ष पेम्बा लामाको प्रमुख आतिथ्यतामा शिविर भएको हो । कार्यक्रममा हेटौंडा जेसीजका पूर्वअध्यक्ष लगायत हेटौंडा सामुदायिक आँखा अस्पतालका प्राविधिक कृष्ण ढुंगाना, प्रहरीचौकी पदमपोखरीका प्रमुख दीपु लामा, महेन्द्र बहुमुखी क्याम्पसका प्रधानाध्यापक वागनसिं थिङ, पदमपोखरी अस्पतालमा सिनियर अहेव शेरबहादुर व्लोनको आतिथ्यता रहेको थियो ।




नि:शुल्क स्वास्थ्य शिविरबाट २५२ जना सेवाग्राही लाभान्वित भएको कार्यक्रम संयोजक तम्रकारले जानकारी दिएका छन् । शिविरमा सहभागीमध्ये १५७ महिला र ९५ जना पुरुष रहेका छन् । शिविरअन्तर्गत ८४ जनाको मधुमेह (सुगर) परीक्षण गरिएको थियो भने ९० जना महिलाको पाठेघर सम्बन्धी सामान्य स्वास्थ्य जाँच गरिएकोमा ८५ जनामा विभिन्न रोगका लक्षण देखिएकाले थप उपचार तथा परामर्शका लागि सिफारिस गरिएको छ । शिविरमा २६ जनामा मोतियाबिन्दु देखिएकोमा थप उपचारको लागि शल्यक्रिया गर्नुपर्ने देखिएको र जलविन्दुका ५ जना बिरामी पनि पहिचान भएका कार्यक्रम संयोजक ताम्राकारले बताए ।

मोतियाबिन्दुका बिरामीको हेटौंडा सामुदायिक आँखा अस्पतालमा नि:शुल्क शल्यक्रिया हुने हेटौंडा जेसीजका कार्यकारीणी उपाध्यक्ष सन्तोष पराजुली बताए । स्वास्थ्य शिविर ग्रामीण तथा आर्थिकरुपमा कमजोर नागरिकलाई लक्षित गरी आयोजना गरिएकोमा यस्ता किसिमका शिविरलाई आगामी दिनमा थप विशेषज्ञसहितको स्वास्थ्यसेवा समावेश गरी निरन्तरता दिनका लागि पदमपोखरी अस्पतालका सिनियर अहेव व्लोन र वडाअध्यक्ष लामाले आग्रह गरे । शिविरको औपचारिक कार्यक्रमको संचालन हेटौंडा जेसीज वर्ष २०२५ का महासचिव जेसी संजयकुमार न्यौपानेले गरेका थिए ।

# वामपन्थी शक्तिहरू सच्चिनु पर्छ: नेता श्रेष्ठ

साझाकुरा संवाददाता

हेटौंडा, २९ मंसिर/ नेपाली कम्युनिष्ट पार्टी (नेकपा) का नेता नारायणकाजी श्रेष्ठले देशलाई समृद्ध बनाउन पार्टी एकता गरेको बताएका छन् ।

पार्टीको सोमबार भएको थाहा नगरपालिकाको बिस्तारित एकता भेलालाई सम्बोधन गर्दै नेता श्रेष्ठले देशलाई समृद्ध बनाउने उद्देश्यले पार्टी एकता गरिएको उल्लेख गर्दै क्रान्तिकारी उद्देश्य प्राप्तिका लागि हरहालतमा अघि बढ्ने संकल्प गर्नुपर्ने आवश्यकता औंल्याए । उनले राष्ट्रिय स्वाधीनता र सार्वभौमिकतामा आच आउन नदिन राष्ट्रिय एकताको आवश्यकता रहेको बताए । पूर्वउपप्रधानमन्त्री समेत रहेका श्रेष्ठले हालको पार्टी एकता ऐतिहासिक भएपनि पूर्ण नभएको उल्लेख गरे । समाजवादको दिशातर्फ अग्रसर हुन अन्य वामपन्थी शक्ति सच्चिएर आए सबैलाई एउटै केन्द्रमा समेट्नुपर्नेमा उनले जोड दिए । वर्तमान एकतालाई प्रारम्भिक बिन्दुका रुपमा लिनुपर्ने उनको धारणा छ ।

नेता श्रेष्ठले सत्यनिरुपण तथा बेपत्ता छानबीन आयोगको काम अझै बाँकी रहेको भन्दै द्वन्द्वपीडितलाई न्याय दिलाई समग्र शान्तिप्रक्रियालाई टुंगोमा पुऱ्याउनुपर्नेमा जोड दिए । त्यसैगरी नेकपा नेतृ मुनु सिग्देलले जेनजी आन्दोलनपछि संविधान नै खारेज हुने अवस्थासम्म पुगेको बेला




पार्टीका दुई नेता पुष्पकमल दाहाल 'प्रचण्ड' र माधवकुमार नेपालको पहलमा संविधान जोगिएको दाबी गरिन् । उनले संविधान जोगाउन आफ्नो पार्टीले खेलेको भूमिकालाई आमजनतामाझ पुऱ्याउन कार्यकर्तालाई आह्वान गरिन् ।

नेता राम्नारायण बिडारीले पञ्चायतकाल र बहुदलीय कांग्रेस-एमाले शासनकालमा आक्रमणमा नपरेको आफू गणतन्त्र आएपछि आक्रमणमा परेको अनुभव सुनाउँदै सत्य र सहीको पक्षमा निरन्तर उभिने प्रतिबद्धता व्यक्त गरे । नेकपा थाहा नगरका संयोजक बिनोदकुमार लामाको अध्यक्षतामा सम्पन्न कार्यक्रममा नेताहरु प्रदेशसभा सदस्य कुमारी मोक्तान, जिल्ला समन्वय प्रमुख ललित घलान, थाहा नगरप्रमुख विष्णु बिष्ट 'आदर्श', थाहा नगरपूर्वप्रमुख लवशेर बिष्ट, सानुकाजी गोपालीलगायत नेता तथा कार्यकर्ताको उल्लेख्य उपस्थिति रहेको थियो ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- हेटौंडामै पहिलो पटक N2 (Nitrogen) हावा टायरमा भरिने
- इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

## हाम्रो कुरा

# प्रतिफल पुस्ट्याइँसहित बजेट

बिगतका दिनमा राम्रा कानुन बनेको भएपनि पहुँचका आधारमा बजेट बिनियोजन भइरहेको थियो । प्रधानमन्त्री, अर्थमन्त्री, गृहमन्त्रीको गृहजिल्लामा चाहिने भन्दा बढी बजेट पठाएको इतिहास ताजै छ । तर, अवका दिनमा बजेट बिनियोजन गर्दा प्रतिफल पनि हेरिने भएको छ । स्थानीय तहले अबदेखि गाउँपालिका र नगरपालिकाको प्राथमिकता र लक्ष्यको प्रतिफल प्राप्त हुनेगरी पुस्ट्याइँ गरेरमात्र नीति, कार्यक्रम र बजेट निर्माण गर्नुपर्ने भएको छ । आवश्यक नीति, कानुन, खर्च मापदण्ड तथा सामाजिक कार्यक्रमका लागि गाउँ र नगर कार्यपालिकाको प्राथमिकता लक्ष्य तथा प्रतिफल प्राप्त हुने विवरणसहितको पुस्ट्याइँ पेस भएपछि मात्र नीति, कार्यक्रम र बजेट निर्माण गर्नुपर्ने छ । चालु तथा पुँजीगत खर्च र वित्तीय व्यवस्थाका लागि बजेट प्रस्ताव गर्दा त्यस्तो खर्च सिर्जना गर्ने स्पष्ट आधार र कारणसहित प्रस्तावित रकमको पुस्ट्याइँ गर्ने, आवश्यक नीति, कानुन, खर्च मापदण्ड तथा सामाजिक कार्यक्रमका लागि गाउँ र नगर कार्यपालिकाको प्राथमिकता लक्ष्य तथा प्रतिफल प्राप्त हुने विवरणसहितको पुस्ट्याइँ पेस गर्नुपर्ने छ । उपप्रमुखको संयोजकत्वमा रहेको बजेट तथा कार्यक्रम तर्जुमा समितिमा कानुनी र व्यावहारिक आधारसहितको पुस्ट्याइँ गरेपछि मात्र बजेट निर्माण गर्नुपर्ने छ । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्वसम्बन्धी नमुना कानुन निर्माण गरी ७५३ वटै स्थानीय तहलाई पठाएको छ ।

त्यही नमुना कानुनमा यो व्यवस्थाको प्रस्ताव गरिएको हो । यसअगाडि भने स्थानीय तहमा हचुवाका भरमा नीति कार्यक्रम र बजेट निर्माण गर्दा कार्यान्वयनमा जटिलता आउनुका साथै स्रोतको सुनिश्चिततामा अन्योल हुँदै आएको थियो । स्थानीय तहले बनाउँदै आएका बजेटको विधि र प्रक्रियामाथि नै महालेखापरीक्षकको कार्यालयले प्रश्न उठाउने गरेको थियो । आगामी दिनमा स्थानीय तहको बजेट निर्माणको विधि र प्रक्रिया स्पष्ट हुने, अनावश्यक कार्यक्रम र योजना नभई आवश्यकता र औचित्यका आधारमा मात्र कार्यक्रम निर्माण भई कार्यान्वयन हुने गरी नमुना कानुन निर्माण गरिएको छ । मन्त्रालयका सहसचिव प्रकाश दाहालले स्थानीय तहलाई आर्थिक अनुशासनमा बाँध्नका लागि मन्त्रालयले आर्थिक कार्यविधि तथा वित्तीय उत्तर दायित्वसम्बन्धी नमुना कानुन निर्माण गरी स्थानीय तहलाई पठाएको बताए । नयाँ योजना तथा कार्यक्रमका लागि बजेट प्रस्ताव गर्दा पुँजीगत प्रकृतिको भए स्वीकृत सम्भाव्यता अध्ययन प्रतिवेदनका आधारमा आगामी वर्ष खर्च हुनसक्ने प्राविधिक र आर्थिक पुस्ट्याइँसहित प्रस्ताव गर्नुपर्ने उल्लेख गरिएको छ । सम्भाव्यता अध्ययन भई स्वीकृत भइसकेका तथा क्रमागतरुपमा कार्यान्वयनमा रहेका आयोजनाका हकमा स्वीकृतिको प्रमाण, खरिद गुरुयोजना तथा वार्षिक खरिद योजना तथा सम्झौताअनुरुप आगामी वर्षको कार्ययोजना तथा प्रतिफल प्राप्तिका लागि आवश्यक पर्ने रकम प्रस्ताव गर्नुपर्ने व्यवस्था गरिएको छ । मन्त्रालयले तयार गरी स्थानीय तहलाई पठाइएको आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्वसम्बन्धी नमुना कानुनलाई गाउँ र नगर सभाले आवश्यक परिमार्जन गर्दै पारित गरी कार्यान्वयनमा ल्याउन सक्नेछन् ।

बजेट तथा कार्यक्रम तर्जुमा समितिमा गाउँपालिकामा उपाध्यक्ष र नगर पालिकामा उपप्रमुखको संयोजकत्वमा विषयगत क्षेत्र हेर्ने कार्यपालिका सदस्य, प्रमुख प्रशासकीय अधिकृत, आर्थिक प्रशासन महाशाखाप्रमुख, योजना महाशाखा प्रमुख सदस्यसचिव रहने व्यवस्था छ । नेपाल नगरपालिका संघ र गाउँपालिका राष्ट्रिय महासंघले आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्वसम्बन्धी नमुना कानुनले स्थानीय तहलाई वार्षिक नीति, कार्यक्रम र बजेट निर्माणमा थप सहज हुने बताएका छन् । नेपाल नगरपालिका संघका अध्यक्ष एवं धादिङको नीलकण्ठ नगरपालिका प्रमुख भीमप्रसाद ढुंगानाले मन्त्रालयले बनाएको नमुना कानुनले स्थानीय तहलाई बजेट निर्माणमा देखिएका समस्या र चुनौतीको समाधान हुने भएकाले यो कानुनलाई सबै स्थानीय तहले छलफल गरेर कार्यान्वयनमा ल्याउने बताए । स्थानीय तहले मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्ने नमुना कानुनमा व्यवस्था गरेको छ । जसअनुसार कार्यपालिकाले प्रत्येक आर्थिक वर्षमा तीनवर्ष अवधिको खर्चको प्रक्षेपणसहितको संरचना सभामा पेस गर्नुपर्ने छ । बजेट तर्जुमा प्रक्रियालाई थप समावेशी बनाउन वडा समितिले टोल तथा बस्ती विभाजन गरी सहभागितामूलक छलफलबाट कार्यक्रमको विवरण तयार गर्नुपर्ने छ । यसमा महिला, बालबालिका, अपांगता भएका व्यक्ति, पिछडिएका वर्ग, युवा, ज्येष्ठनागरिक, निजीक्षेत्र र समुदायमा आधारित संस्थाका प्रतिनिधिसमेतको सहभागिता सुनिश्चित गर्नुपर्ने प्रस्ताव गरिएको छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

साझाकुरा

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८२ पुस २ गते बुधबार १७ डिसेम्बर २०२५ । त्रयोदशी, पौष कृष्णपक्ष । थिंलागा ११४६ ने.सं. । सूर्योदय ६:४९ सूर्यास्त ५:१० ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : सहयोग गर्ने भावना आउनेछ | तुला | : मित्रसंग विवाद हुनसक्नेछ |
| वृष | : यात्राको लागि सुखद देखिन्छ | वृश्चिक | : धन खर्च हुनेछ |
| मिथुन | : रमाइलोको समय रहेको छ | धनु | : भेटघाटमा समय बित्नेछ |
| कर्कट | : शरीरमा समस्या देखिन सक्नेछ | मकर | : सम्पत्तिको खचपच हुनेछ |
| सिंह | : सामाजिक प्रतिष्ठा बढ्नेछ | कुम्भ | : सुखभोगको समय रहेकोछ |
| कन्या | : सानातिना अवरोध आइरहनेछ | मीन | : आर्थिक लाभ मिल्नेछ |

# एमाले महाधिवेशन र शुष्क वैचारिकता



रोशन जनकपुरी

विचार र राजनीतिक लक्ष्यबाट विमुख राजनीतिक दलहरू 'ग्याङ' भन्दा बढी हुँदैनन् । यस्ता दलहरूमा मुख्य राजनीतिक नेतृत्व कुनै एकल वर्चस्वको सर्वसत्तावादी 'सुप्रिमो', जसले पार्टी विधान, नीति तथा कार्यक्रमलाई आफ्नो वर्चस्व कायम राख्न जेसुकै गर्न तत्पर रहे जस्तो हुन्छ । यस्तोमा अन्य नेतृत्व र कार्यकर्ताहरू गच्छे अनुसार संगठन र सत्ताको पद कब्जा गर्ने होडमा लागेको हुन्छन् ।

यस्ता राजनीतिक पार्टीहरू चरित्रगत रूपमा नै अवसरवादीहरूको जत्थामा परिणत हुने गर्छ । आफूलाई वर्गसंघर्ष र सर्वहारा श्रमिकवर्गको पक्षधर भन्ने कम्युनिस्ट पार्टीहरू, जसका निम्ति राज्यसत्ता वर्गसंघर्षको राजनीतिमा सर्वहारा श्रमिकवर्गीय राजनीतिक लक्ष्य प्राप्तिको साधन मात्र मानिन्छ, उनीहरूको विचार विमुखताले उत्पन्न अवसरवादिता र सांगठनिक अराजकता झन् निर्मम रूपमा देखिने गर्छ ।

वर्गसंघर्षबाट विमुख र सत्ता मात्रको आकांक्षा राख्ने यस्तो राजनीतिक प्रवृत्तिलाई लेनिनले दक्षिणपन्थी अवसरवादी प्रवृत्ति भनेका थिए । संगठन राजनीतिक विचार र लक्ष्यप्रति प्रतिबद्ध कार्यकर्ताप्रधान (क्याडरबेस) अनुशासित हुने कि 'डिबेटिङ्ग क्लब' (गफ गर्ने थलो) जस्तो बहुलमतीय 'मासबेस' (निवर्गीय जनाधारित) हुने ? यिनै राजनीतिक विवादका कारण लेनिनकालको रसियाली सामाजिक जनवादी पार्टीमा मेन्सेविक र बोल्सेभिकका रूपमा विभाजन भएको थियो ।

लेनिनले वर्गसंघर्ष र अनुशासनबद्ध क्याडरबेस वैचारिक पार्टीको पक्षमा अगुवाइ गरेका थिए । बोल्सेभिक पार्टीले सन् १९१७ मा सोभियत रुसमा सर्वहारावादी क्रान्तिलाई अन्तिम निष्कर्षमा पुऱ्याएको थियो । यस दृष्टिकोणबाट विचार गर्दा नेपाली कम्युनिस्ट आन्दोलनमा अहिले 'मेन्सेभिक' हरूको बोलबाला छ । लेनिनले वैचारिक र अनुशासनबद्ध क्रान्तिकारी पार्टी निर्माणका निम्ति जनवादी केन्द्रियताको सांगठनिक सिद्धान्तको विकास गरेका थिए । 'पार्टीको नीतिगत निर्णय गर्ने बेला संगठनको तल्लो कमिटी समेतले स्वतन्त्रतापूर्वक बहसमा भाग लिने, राय दिने र बहुमतको आधारमा निर्णय भइसकेपछि बिना कुनै अपवाद यसलाई एकमतले लागू गर्ने अर्थात् निर्णय प्रक्रियामा जनवाद र कार्यान्वयनमा केन्द्रियता' जनवादी केन्द्रियतालाई सरल शब्दमा यसरी नै परिभाषित गर्न सकिन्छ ।

महाधिवेशन पार्टीको सर्वोच्च संस्था हो, जहाँ पार्टीको तल्लो कमिटी समेतबाट आएका प्रतिनिधिहरूले पार्टीको राजनीतिक, रणनीतिक र कार्यनीतिक नीति, दिशा र कार्यक्रम तय गर्छन् । विशिष्ट परिस्थिति बाहेक, एउटा महाधिवेशनमा गरिएका निर्णयहरूलाई अर्को महाधिवेशनले मात्र संशोधन वा बदर गर्न सक्छ । नेकपा (एमाले) मा अहिले यस्तै महाधिवेशन मञ्चन भइरहेको छ । 'मञ्चन' किन भनियो भने, प्राय: विचार भन्दा पनि प्रमुख नेतृत्वको वर्चस्व हुने गरेको अहिलेको मूलधारका भनिने संसदीय कम्युनिस्ट पार्टीहरूमा महाधिवेशनका निर्णयहरू औपचारिकता निर्वाह गरे जस्तो मात्रै हुने गरेको छ ।

सैद्धान्तिक रूपमा महाधिवेशन सर्वोच्च संस्था भनिए पनि प्रमुख नेतृत्वले केन्द्रीय समितिलाई उपयोग गरेर महाधिवेशनको निर्णयमा हेरफेर गर्ने गरेका छन् । एमालेमा यो पुरानै रोग हो । हुन त, एमालेमा नवीन विचार भनिने, पाँचौं महाधिवेशनमा महासचिव मदन भण्डारीबाट प्रस्तावित 'जनताको बहुदलीय जनवाद' को कार्यक्रम आफैमा संशोधनवादी विचार हो । तथापि मदन भण्डारीले यसलाई समाजवादी लक्ष्य प्राप्त गर्न तात्कालिक कार्यक्रमका रूपमा अवलम्बन गरेका थिए ।

०४९ सालमा एमालेको पाँचौं महाधिवेशनमा प्रस्तुत गरेको जबजको दस्ताबेजमा उनले पार्टीलाई सर्वहारा श्रमिकवर्ग तथा उत्पीडित समुदायकै पार्टी भनेका थिए । उनले जबजको कार्यक्रमलाई 'संसदीय घेरामा शान्तिपूर्ण संघर्ष' भने पनि क्रान्ति सम्पन्न गर्न 'वर्गसंघर्ष नै मूल र आधारभूत' हुने जिकिर गरेका थिए । मदन भण्डारीले समाजवादी क्रान्तिका निम्ति मूर्त सर्वहारावादी क्रान्तिलाई अमूर्त संसदीय र असंसदीय जनसंघर्षका रूपमा अवसरवादी संशोधन गरेका थिए । तर पनि उनले वर्गसंघर्ष र सर्वहारावादी श्रमिक वर्गीय पक्षधरताको थेगो भने छाडेका थिएनन् ।

संशोधनवादी संसदीय शान्तिपूर्ण कार्यनीति नै भएपनि उनले एउटा वैचारिक र अनुशासित पार्टीकै वकालत गरेका थिए । तर संसदीय झन्झट र झमेलाको प्रभाव यति जब्बर भयो कि एमाले संशोधनवादी अमूर्त 'जनसंघर्ष' को वैचारिकताबाट समेत टाढिँदै गयो । ०६५ सालमा एमालेको आठौं महाधिवेशनमा 'जबज' लाई कार्यक्रमबाट पार्टीको मार्गदर्शक सिद्धान्तमा परिणत गरियो । यससँगै समाजवादी रूपान्तरणका निम्ति शान्तिपूर्ण संसदीय बाटो एमालेको निर पेक्ष र स्थायी राजनीतिक लाइन बन्यो ।

वस्तुत: नाम मदन भण्डारीको चले पनि यो उनको संशोधनवादी लाइनबाट पनि सम्बन्धविच्छेद थियो । अब एमालेमा वर्गसंघर्ष, सर्वहारावाद र श्रमिकवर्गीय सामाजिक रूपान्तरणका निम्ति संघर्ष बहसको केन्द्रमा रहेन । पार्टी होस वा संसद, चुनावी प्रवृत्ति सबैतिर हावी हुँदै गयो, र सत्ताका निम्ति संसद र संसदका निम्ति पार्टीमा वर्चस्व, अवसरवादी प्रतिस्पर्धाका निम्ति गलाकाट संघर्षको असम्वेदनशील प्रवृत्ति मुख्य हुँदैगयो ।

पार्टीमा गुटगत बहुमत यति जब्बर भयो कि पार्टीका कुनै पनि बैठकका निर्णयहरू मुख्य नेतृत्वको हित प्रतिकूल भएनन् । यहाँसम्म कि पार्टीको सर्वोच्च निकाय महाधिवेशनमा पारित भएका निर्णयसमेत निहुँ झिकेर परिवर्तन वा बदर गरिन थालियो । एमालेमा विगत केही महाधिवेशनदेखि विधान अधिवेशन र राष्ट्रिय महाधिवेशन फरक-फरक गर्ने परम्परा सुरु भएको छ । विधान महाधिवेशनमा पनि पार्टीको तल्लो कमिटीबाट आएका प्रतिनिधिहरूको सहभागिता हुने गर्छ । तर अभ्यासले के देखाएको छ भने पार्टीमा विद्यमान 'सुप्रिमो' प्रभावका कारण उनको आवश्यकताअनुसार विधान महाधिवेशनका निर्णयहरू समेत फेरिन्छन् । भन्नलाई त यसलाई पनि लोकतान्त्रिक विधिकै तर्क दिइन्छ । तर यथार्थमा यो सुप्रिमोको हित अनुकूल हुने गर्छ र अन्तत: महाधिवेशन जस्तो पार्टीको सर्वोच्च निकायको अवहेलना गर्न पछि पर्दैन ।

दसौं महाधिवेशनमा पारित गरिएका निर्णयहरू मध्ये पार्टीको अध्यक्ष पदका निम्ति ७० वर्षे उमेरको हद र दुई कार्यकालको छेकबार वर्तमान अध्यक्ष ओलीका निम्ति अवरोधक थियो । गत भदौमा भएको विधान महाधिवेशनको बहुमतले यी दुवै छेकवार हटाएर एघारौं महाधिवेशनमा ओलीका निम्ति अनुकूल स्थिति सृजना गरियो । यसै महाधिवेशनले सम्भवत: आफूलाई प्रगतिशील देखाउनका निम्ति केन्द्रीय समितिको सदस्य संख्या ३०१ बाट २५१ र पदाधिकारी संख्या १९ बाट १५ मा झारेको थियो । तर जतिबेला ओलीका विरुद्ध पार्टी बाहिर पूर्व राष्ट्रपति विद्या भण्डारी र उनको समर्थनमा पार्टी भित्रका वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेलको नेतृत्वमा बलियो नेतृत्वपंक्ति देखियो, अध्यक्ष ओलीका निम्ती असन्तुष्टहरुलाई फकाउन केन्द्रीय समिति भित्रको परिवर्तित संख्या अपुग भयो ।

उनले विधान समितीले गरेको निर्णय केन्द्रीय समितीमा बहुमतका आधारमा उल्ट्याइदिए र पहिलाकै ३०१ सदस्यीय केन्द्रीय समिती र १९ सदस्यीय पदाधिकारी समितिको व्यवस्था महाधिवेशनबाट पारित गराउने प्रस्ताव तयार पारेका छन् । डा. सुरेन्द्र भण्डारी लगायत पोखरेल पक्षधर नेताहरुले यसको विरोध गरे तापनि यो खासै प्रभावकारी देखिएको छैन् । अग्नि खरेल प्रभृति ओली पक्षधर नेताहरु यसलाई लोकतान्त्रिक भनिरहेका छन् । उनीहरुले राष्ट्रिय महाधिवेशन विधान महाधिवशेन भन्दा अधिकार सम्पन्न हुने तर्क दिँदै यी संशोधनहरुको रक्षा गरिरहेका छन् । सबैका आ-आफ्ना तर्क छन्, तर यथार्थ के हो भने सत्ताका निम्ति पार्टीमाथि वर्चस्वको यस संघर्षमा ह्याकुलो मिँचाई नै मुख्य नीति हो । विचार गर्दा, एघारौं महाधिवेशनमा नेतृत्व चयनमा पनि यसै नीतिले निरन्तरता पाउने देखिन्छ ।

जहाँसम्म वर्तमान एमालेमा मार्क्सवादी वैचारिकताको प्रश्नको प्रश्न छ, यहाँ यसखाले कुनै बहस छैन । केन्द्रीय समितीमा विविध क्षेत्र, लिङ्ग, जाति, संस्कृतिका निम्ती कोटा छुट्याइएको छ । यस कोटामा श्रमिकका निम्ति तीनवटा मात्र कोटा छन् । गज्जब छ नि ? कम्युनिस्ट पार्टी अर्थात् श्रमिकवर्गको प्रतिनिधि पार्टी, तर वर्ग प्रतिनिधित्व ३०१ मा तीनजना । पदाधिकारी र निर्णायक भूमिकाको त कल्पना नै नगरौं ।

यो एमालेको वर्ग स्थानान्तरण हो, जो धेरै पहिले भइसकेको थियो । अहिले एमाले समाजको आमूल परिवर्तनको श्रमिकवर्गीय साधन होइन, यो सत्तावृत्तका अन्य राजनीतिक दल जस्तै एउटा झुण्ड हो, जसको उद्देश्य कम्युनिस्ट समाजवादको लफ्फाजी गर्दै सत्ताभोग गर्नु हो ।

हुन त यो हविगत एमालेको मात्रै होइन, संसदीयवृत्तका प्राय: सबै कम्युनिस्ट पार्टीमा यही प्रवृत्ति देखिन्छ । एमाले र ओली केही बढी असहिष्णु र सबैको केन्द्रमा देखिएका मात्रै हुन् । गत भदौमा भएको जेनजी उथलपुथलले समेत तत्कालीन प्रधानमन्त्रीका रूपमा केपी ओली र उनको पार्टीलाई चौतर्फी निसानामा पारिदिएको छ । यस उथलपुथलले गर्दा ओलीले सत्ताबाट नराम्ररी बेदखल त हुनै पऱ्यो, पार्टीभित्र चुनौतीविहीन अवस्था पनि प्रभावित भएको छ ।

पूर्व राष्ट्रपति विद्या भण्डारीको एमालेमा पुन: आगमनलाई रोकेर उनी आफ्नो विकल्पको सम्भावना निषेध गर्न सफल भएपनि वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेलको नेतृत्वमा एउटा बलियो पङ्क्तिले उनलाई चुनौती दिइरहेको छ । ओली यस सङ्कटबाट कसरी पार पाउँछन्, हेर्नु रोचक हुनेछ । यद्यपि अहिलेसम्म उनी बलियो र बहुमतमै देखिन्छन् । एमालेका वर्तमान अध्यक्ष केपी शर्मा ओली आठौं महाधिवेशनमा अध्यक्षमा झलनाथ खनालबाट पराजित भए । तर ०७१ मा पार्टीको नवौं महाधिवेशनमा उनले माधव नेपाललाई पराजित गरेर अध्यक्ष पदमा आसीन भएदेखि निरन्तर छन् । ०७८ मा दसौं महाधिवेशनमा उनीसँग पराजित भएपछि भीम रावल अन्तत: पार्टीबाट बाहिरिन बाध्य भए र हाल प्रचण्ड-माधव नेतृत्वको नेपाली कम्युनिस्ट पार्टीमा अस्तित्व जोगाउन प्रयत्नरत छन् ।

अहिले एघारौं महाधिवेशनमा अध्यक्ष ओलीका प्रतिस्पर्धीका रूपमा देखिएका ईश्वर पोखरेल आठौं महाधिवेशनमा विजयी खनालको सहयोगीका रूपमा महासचिव पदमा चयन भएका थिए । तर नवौं महाधिवेशनमा अध्यक्षमा विजयी ओली क्याम्पबाट पुन: महासचिवमा विजयी भए । प्राय: जेन्टलम्यान र चतुर सन्तुलित व्यवहारका निम्ति परिचित ईश्वर पोखरेल दसौं महाधिवेशनमा सर्वसम्मत रूपमा वरिष्ठ उपाध्यक्ष चयन भए ।

माधव नेपाल र झलनाथ खनाल एमालेमा हुँदा उनी दुई विरुद्धको संघर्षमा ओली क्याम्पको सबैभन्दा वरिष्ठ सेनापतिझैं देखिने हालको वरिष्ठ उपाध्यक्ष पोखरेल नै आफू विरुद्ध मैदानमा उत्रिनु ओलीका निम्ति अत्यन्त नमिठो अनुभूत हुनु स्वाभाविक छ । यो कटुता अचेल उनको अभिव्यक्तिमा पटक-पटक सुनिने गर्छ ।

'मेरा विरुद्ध अध्यक्षमा प्रतिस्पर्धा गर्नु लोकतान्त्रिक अधिकार नै हो, तर पराजित भएमा भीम रावल जस्तै बाहिरिनु न परोस्' भन्ने अभिव्यक्ति त्यसै कटुताका परिणाम हुन् । एमाले सांगठनिक रूपमा देशैभर फैलिएको प्रभावशाली पार्टी हो भन्नुमा दुई मत छैन, तर यसलाई वैचारिक रूपमा तुलना गर्नु उचित हुने छैन । यो एउटा संसदीय प्राविधिक पार्टी हो र यो लोकतन्त्रको नवउदारवादी परिभाषामा ठिक बस्छ । यद्यपि एमालेको एघारौं महाधिवेशनमा चयन हुने नेतृत्वको प्रतीक्षा रोचक हुनेछ,कुनै तीव्र गतिको थ्रिलर फिल्म जस्तो, हेर्नुस्, रोमाञ्चित हुनुस्, तर कुनै अपेक्षा नराख्नु नै बेस ।

*(साभार: रातोपाटी)*

# चुनाव: पुराना राजनीतिक दललाई सकस

केशव अधिकारी

जेन्जी आन्दोलनको बलमा गठन भएको सुशीला कार्की नेतृत्वको सरकारले आउँदो फागुन महिनाको २१ गते बिहीबारको दिनलाई चुनाव गराउने दिन भनेर घोषणा गरेको छ । यसै चुनावलाई सहमति जनाउँदै १०० भन्दा अधिक राजनीतिक दलहरूले निर्वाचन आयोगमा दल दर्ता गराएर चुनावमा होमिने तयारीमा लागेको पाइन्छ । यता आम जनता र विद्रोहको नायकत्वको समूहले भने कार्की नेतृत्वको सरकारको ध्यान आकृष्ट गर्दै अन्तरिम सरकार निर्माणको मुख्य उद्देश्य केवल चुनाव मात्र नभएर देशबाट भ्रष्टाचार अन्त्य गरी सदाचारी शासनको शुरुआत गराउनु रहेको पाइन्छ ।

विगतको सफल इतिहास बोकेका र पछिका कालखण्डमा अधिक लालसाका कारण जनस्तरबाटै बदनामी कमाएका अनि लखेटिएका राजनीतिक दलहरूले पनि चुनावमा भाग लिने तयारी गर्दै छन् । आम जनताको मतअनुसार बदनामी कमाएका राजनीतिक दललाई चुनावमा भाग लिनसमेत दिनु नहुने प्रतिक्रिया आएका पाइन्छन् । तर ती राजनीतिक दललाई भाग लिनै नदिने अवस्था सिर्जना भएका खण्डमा अन्तर्राष्ट्रिय स्तरबाट र उनीहरू स्वयंबाटै निर्वाचन सम्पन्न हुन नदिनको लागि अनेक हत्कण्डा अपनाउने बलियो सम्भावना रहन्छ । चुनावमा भाग लिनै दिए पनि जनस्तरबाटै लखेटिएका र बहिस्कार भएका राजनीतिक दलहरूलाई विजयीको माला पहिरिन निकै सकसपूर्ण वातावरण रहेको छ । हुन त तत्-तत् पुराना राजनीतिक दलका शीर्ष नेताहरूको दाबीअनुसार उनीहरूकै राजनीतिक दल सबैभन्दा धेरै सिट ल्याउने दल बन्ने भनिएको छ । मर्नुअगावै खुट्टा तान्नुहुँदैन भन्ने उखानजस्तै केवल हुङ्कार मात्रैमा मन बुझाइरहेका छन् । विगत २०६२ सालदेखि पालोफेरोमा शासन सत्ता हातमा लिँदै र शासन चलाउँदै आएकाहरुले गलहत्तिएर शासनच्यूत हुनुपर्दाको पीडा पनि उनीहरूको हुङ्कारमा प्रस्टिएको अनुभूति हुन्छ ।

पुराना राजनीतिक दलका शीर्ष नेताले पुन: अर्को एउटा डरलाग्दो र अक्षम्य गल्ती दोहोऱ्याएका छन् । त्यो गल्ती भनेको राजनीतिक दलको शीर्षासनमा बसेका शीर्ष नेताले अभिभावकीय भूमिका निभाएर युवा नेतालाई शीर्षासनको भूमिका सुम्पिएको भए थोरै मात्रामा भए पनि जनस्तरको सहानुभूति रहने थियो र केही सिट भए पनि बढ्ने मौका आउने थियो । भोट दिने जनताको के कुरा र, विगत दुई दशक लामो समयदेखि एउटै व्यक्ति शीर्षासनमा रहेर राजनीतिक दललाई हाँकिरहेको अभिनय गरे पनि ती राजनीतिक दलका उन्नतिका काम तथा आम जनताका लागि राहत पुग्ने खासै काम नभएकाले उनीहरूकै कट्टर समर्थक मतदातासमेत निराश छन् । पुन: उनीहरूलाई नै भोट दिएर जिताउने वा अरु उपाय सोच्ने ? भन्ने दोधारको मानसिकताले ग्रस्त भएका छन् । नेपाली काङग्रेसका सभापति शेरबहादुर देउवा दम्पतीलाई जेन्जी समूहले भौतिक कार्यवाही गरेपछिका दिनमा शेरबहादुरले आफू सभापतिको पद छोड्ने र अर्कै नेतालाई दिने भन्ने मानसिकता बनाएर कार्यकर्तामाझ समेत उक्त विचार राखेका थिए । उनको विचार र अभिव्यक्तिलाई जनस्तर तथा कार्यकर्ता स्तरबाट समेत स्वागत भएको थियो । तर जब उनी विदेश गएर केही समय उपचार गराई स्वदेश फर्के, तब विमानस्थलदेखि नै सशङ्कित हुँदै फर्कदा आफ्नो शीर्ष सिट सुरक्षित नै रहेको कुरा बुझेपछि उनी खुशी नहुने कुरै भएन ।

यता नेकपा एमाले अध्यक्ष केपी ओलीले त पार्टी अध्यक्षको पद छोड्ने सङ्केत पनि गरेनन् र गर्नेवाला पनि छैनन् । माओवादी केन्द्रका अध्यक्ष प्रचण्डले पनि आफ्नो शीर्ष पद छोड्ने सुरसार नगरेरै अर्को नेपाली कम्युनिस्ट नामक पार्टी खोल्नेतिर लागेर विगतको बदनाम हुँदै गएको माओवादी केन्द्रको नामोनिसाना मेटाउने अनि दोषबाट जोगिने प्रयत्नमा लागेका देखिन्छन् । यी पुराना राजनीतिक दलहरूलाई अहिलेको परिवेशमा उनीहरूको भक्त कार्यकर्ता पाउन हम्मेहम्मे परेको छ । केही दिनअगाडि मात्रको कुरा कमरेड प्रचण्ड, माधव नेपालजस्ता वरिष्ठ नेता केही कार्यकर्ता बटुलेर आफ्ना कर्तुतलाई महान् कामका रुपमा लिँदै र भाषण छाँट्दै थिए, एकैपटक धेरैजना कार्यकर्ता उठेर कार्यक्रमबाट बाहिरिएपछि उनीहरू हेरेको हेरेकै भए । अन्त्यमा सभास्थलमा राखिएका कुर्सी आदिलाई सुनाएको भन्न विवश भएर लाचारीपूर्वक सभा विसर्जन गर्नुपरेको थियो । ती पुराना राजनीतिक दलका लागि सिर्जना भएको यो कुवातावरणले गर्दा उनीहरु अब के गर्ने ? भन्ने प्रश्नको सही उत्तर वा समाधानको बाटोमा लाग्दै छन् । त्यसो त कसैलाई पहिलेका भए पनि हामी शासक पो हुँ त, त्यसैले भोट हाल्दा मैले भनेकालाई हाल्नू भनेर थर्काउन पनि सक्लान्, त कसैलाई जागिरको लोभ देखाएरै भए पनि भोट झार्ने प्रयत्न गर्लान् ।

पुराना राजनीतिक दलका फोहोरी कर्तुतको पर्दाफास गर्दै वर्तमानका ऊर्जामन्त्री कुलमान घिसिङ, धरान नगरपालिकाका मेयर हर्क साङपाङजस्ता जनतका प्यारा मानिने युवानेताले पनि नयाँ राजनीतिक दल खोलेकाले पुराना राजनीतिक दललाई चुनावमा जान र जित हात पार्नको लागि सकस पर्दै छ । त्यसैले जति हुङ्कार गरे पनि मानसिकरुपमा यिनले आफ्नो हार स्वीकार गर्नै पर्ने अवस्था आउनेछ भन्ने कुरा निश्चित प्राय: हुन सक्ला । यदि चुनावमा हारै भए पनि वर्तमानको उनीहरूमाथिको धरपकडको अवस्थाबाट पार पाउन सकियो भने वा त्यसलाई छोपछाप गरेर आफूले सत्ताको घमण्डले गरेका कुकर्मको फल भोग्नु नपर्ने अवस्था मात्रै सिर्जना भयो भने पनि पुराना शीर्ष नेताका लागि एउटा सन्तुष्टिको विषय हुनेछ । त्यो जञ्जालबाट उम्कनको लागि सही समय यही हो भन्ने मानसिकताले उनीहरुलाई थोरै भए पनि सन्तुष्टि दिन सकेकै छ भन्न सकिन्छ । यदि कुनै हालतले जितेर सत्ताको बागडोर पुन: सम्हाल्न पाइयो भने आज आफूहरूप्रतिको विरोधमा उत्रनेको हबिगत देखाउला भन्ने पनि सानो मनचिन्ते सुखको विषय हुन सक्छ ।

पुराना राजनीतिक दलका शीर्ष नेताले आफ्नो शीर्ष पद नछोड्नुको अर्को कारण भनेको यो विषम अवस्थामा शीर्ष पद छोडेर अर्को दोस्रो व्यक्तिलाई सुम्पँदा भोलिका दिनमा उसले आफूप्रतिको व्यवहार कस्तो देखाउला ? विगतका आफूले गरेका कुकर्मका सारा पोल जनतासामु खोलिदेला भन्ने आशङ्का मात्र होइन कि यथार्थताको सही आँकलनले पनि पदलोलुपताको अवस्था आएको हो । २०५२ साल र त्यसअगाडिदेखि नै माओवादी पार्टीका सहयात्री बनेका कमरेड पुष्पकमल दाहाल र डा. बाबुराम भट्टराई छुट्टाछुट्टै भएपछि अहिले प्रचण्डका पोल बाबुरामले कसरी खोल्दै छन् र कमरेड प्रचण्डलाई सकेसम्म नाङ्गो बनाउने प्रयासमा लागेका छन् । नेपाली काङ्ग्रेस पार्टीका सभापति शेरबहादुर देउवाले पार्टी सभापतिको पद आफूले नओगट्ने र अरुलाई छोड्ने कुराले पार्टीका महामन्त्री भनिएका र युवा नेताका रुपमा लिइने गगन थापाको भाग्य खुलेको ठानेर गगन निकै खुशी भएका थिए । खुशी हुने मात्र होइन कि आफ्नो प्रभाव विस्तार गर्नको लागि निकै ब्यग्रताका साथ सभा, भाषणमा लाग्दै थिए तर देउवा दम्पती उपचार गरेर स्वदेश फर्केपछि र नेपाली काङ्ग्रेस पार्टीको सभापति पद आफैँले धारण गर्ने कुरा बताएपछि गगनको चुरिफुरी क्रमश: सेलाउँदै जान थालेको छ ।

असल भावना र देशभक्त व्यक्ति भएको भए जनताको समर्थनले पनि केही काम गर्ने थियो होला तर पाएसम्म दुवै नेताको भावना वा विचार लुट्ने नै भएकोले जनताको तर्फबाट कागलाई बेल पाक्यो हर्ष न बिस्मातको अवस्था यथावत् रहेको पाइयो । दुई दशक लामो समय शासन चलाउँदै गर्दा र देश अनि जनता लुट्दै आफ्नो गोदाम भर्दै गरेको बेलामा कुनै पनि पुराना राजनीतिक दलका शीर्ष नेताले भदौ २३-२४ को दिन आउला भनेर परिकल्पना गरेकै थिएनन् । सत्ता सम्हालेर बसेका नेकपा एमाले अध्यक्ष खड्ग ओलीले त अघिल्लो दिनसम्म पनि पत्याएका थिएनन् । अब फागुन २१ को चुनावमा कुनै पनि पुरानो राजनीतिक दलले एकलौटी वा संयुक्तरुपमा सरकार गठन गर्न सक्ने वातावरण कुनै हालतमा पनि बनिने छैन ।

पुराना दलका शीर्ष नेता एकादुईले जितेर संसद्मा प्रतिनिधित्व गर्ने भएछन् भने पनि कानुन बनाउने स्थानमा यिनको पहुँच हुनेछैन । यतिन्जेल हालिमुहाली गरेर शासन चलाएका शीर्ष नेताले आफू अनुकूल नभएको कानुन वा संविधान पालना गर्न पनि गाह्रै पर्ला । यसरी हरेक पक्षबाट नियालेर हेर्दा पनि फागुन २१ को चुनाव पुराना राजनीतिक दलका लागि सकसको विषय बनेको छ ।

*(साभार: न्यूज अफ नेपाल)*

# सरकारले हटायो भारतीय ठूला दरका नोट प्रतिबन्ध



साझाकुरा संवाददाता

हेटौंडा, २९ मंसिर/ नेपाल सरकारले ठूला दरका भारतीय नोटको प्रतिबन्ध हटाएको छ । सोमबारको मन्त्रिपरिषद् बैठकले २५ हजार भारुसम्म २ सय र ५ सय दरका नोट भारत-नेपाल लान/ल्याउन पाउने व्यवस्था गरेको हो ।

सरकारले भारतीय ठूला दरका नोटको प्रतिबन्ध हटाएसँगै सन् २०१६ नोभेम्बर ९ देखि निष्कासित नोटमात्र चलनचल्तीमा ल्याउन सकिने व्यवस्था गरेको सूचनाप्रविधि तथा सञ्चारमन्त्री जगदीश खरेलले बताए । 'नेपाली वा भारतीय नागरिकले प्रतिव्यक्ति भारु २५ हजार भारतबाट नेपाल भित्र्याउन र नेपालबाट भारत लैजान पाउने व्यवस्था गरिएको छ,' मन्त्री खरेलले भने । यसअघि भारतको केन्द्रीय बैंक रिजर्भ बैंक अफ इन्डिया (आरबीआई) ले ठूला दरका भारु नोट नेपाल ल्याउन र लैजान नपाउने व्यवस्था गरेको थियो ।

भारतले खुला गरेपछि नेपाल सरकारले पनि प्रतिबन्ध हटाएको हो । आरबीआईले विदेशी विनिमय व्यवस्थापन नियमावली २०१५ संशोधन गर्दै ठूला दरका नोट पनि नेपाल भारत ल्याउन/लैजान पाउने व्यवस्था गरेको हो । भारतले २०१६ मा ठूला दरका भारु नोटको नोटबन्दी गरेको थियो । त्यसपछि ठूला दरको नोट नेपाल ल्याउन लैजान बन्देज गरेको थियो । भारतले नेपालमा रहेका ठूला दरका भारु सटही नदिएपछि नेपालले पनि १ सयभन्दा बढीका भारु चलनचल्तीमा बन्देज लगाएको थियो ।

खुला सीमा तथा व्यापारमा भारतसँगको निर्भरतासँगै दुवैतर्फ लान र लैजान पाउने व्यवस्था गरेको समयमा नेपाल सरकारले पनि त्यसलाई सकारात्मक लिई प्रतिबन्ध खुलाएको हो । सन् २०१६ मा भारतले नोटबन्दी गर्दा नेपालमा रहेका ठूला दरका भारु सटही दिएन अर्थात फिर्ता लिएन । त्यो समयमा बैंकिङ प्रणालीमा मात्र ५ करोड भारु थियो । ती नोट अझै पनि सटही हुन बाँकी छ ।

# नयाँ सदस्यताका लागि क्रम संख्या उल्लेख नगरी फारम पठाएपछि कांग्रेसमा विवाद

काठमाडौं/नेपाली कांग्रेसको क्रियाशील सदस्यता व्यवस्थापन समितिले क्रम संख्या उल्लेख नगरी नयाँ क्रियाशील सदस्यता फारम पठाएपछि विवाद सिर्जना भएको छ । समितिले नयाँ क्रियाशील सदस्यताका लागि पछिल्लो लट (जेनजी आन्दोलनपछि) मा पठाएका फारमहरूमा क्रम संख्या उल्लेख नगरेपछि कांग्रेसमा विवाद भएको हो ।

महामन्त्री गगन थापा संयोजकत्वको समितिले अघिल्लो लट (जेनजी आन्दोलनअघि) मा क्रम संख्यासहित नयाँ क्रियाशील सदस्यता फारमहरू पठाएको थियो । नयाँ क्रियाशील सदस्यताका लागि दुई प्रकारका फारम निर्वाचन क्षेत्रमा पुगेपछि कांग्रेस नेताहरू विभक्त भएका छन् । फारमका विषयमा क्रियाशील सदस्यता व्यवस्थापन समितिका सदस्यहरूबीच पनि मतैक्य देखिँदैन । कांग्रेसको सुदूरपश्चिम प्रदेश कार्यसमितिले मातहतलाई क्रम संख्या उल्लेख नगरिएका फारमहरू नयाँ क्रियाशील सदस्यहरूलाई नभराउन निर्देशन दिएको छ ।

प्रदेश सभापति वीर बहादुर बलायरले आइतबार प्रदेश कार्यसमिति बैठक चलिरहेका बेला ९ वटै जिल्ला सभापतिलाई फारम नभर्न निर्देशन दिएको सहमहामन्त्री अम्बिका चलाउनेले बताइन् । 'क्रम संख्या, क्रियाशील सदस्यता नम्बर केही पनि उल्लेख नभएको फारमहरू केन्द्रबाट पठाइएको छ । सुदूर पश्चिमभरि नै यस्ता फारम आएको रहेछ,' सहमहामन्त्री चलाउनेले भनिन्, 'प्रदेश सभापतिज्यूले सबै जिल्लामा फोनै गरेर अहिले नम्बर नभएको सदस्यता फारम नभर्नुस् भन्नुभएको छ ।' प्रदेश कार्यसमितिले अधुरा क्रियाशील सदस्यता फारमहरू आएपछि सुदूरपश्चिमका सबै स्थानीय तहहरूमा कार्यक्रम गर्ने, पालिका स्तरबाटै नयाँ क्रियाशील सदस्यताका लागि इच्छुकको सूची बनाउने र केन्द्रले क्रम संख्या उल्लेख गरिएका फारमहरू पठाएपछि मात्रै भर्ने निर्णय गरेको छ ।

सुदूरपश्चिम प्रदेश कार्यसमितिका प्रवक्ता सुरतबहादुर रावतले क्रम संख्या उल्लेख नभएका फारमहरू नभर्न जिल्ला सभापतिहरूलाई निर्देश गरिएको जानकारी दिए । 'नयाँ सदस्यताका लागि सिरियल नम्बर नभएका खाली फारम आएका छन् । ती खाली फारम तत्काल रोक्नू, नभर्नू भनेर निर्देशन भएको छ,' उनले संचारकर्मीसँग भने ।

**क्रम संख्याबारे समिति सदस्यबीच नै मतभिन्नता**

महामन्त्री थापा नेतृत्वको क्रियाशील सदस्यता व्यवस्थापन समितिमा केन्द्रीय सदस्यहरू सीता गुरुङ, योगेन्द्र चौधरी र प्रकाश र साइली (स्नेही) सदस्य छन् । गुरुङ र चौधरी संस्थापन पक्षका नेता हुन् भने रसाइली महामन्त्री थापा निकट मानिन्छन् । नयाँ क्रियाशील सदस्यता फारममा क्रम संख्या उल्लेख नगरिएको विषयमा व्यवस्थापन समिति सदस्यहरू नै विभक्त देखिन्छन् । रसाइली नयाँ क्रियाशील सदस्यता फारममा क्रम संख्या उल्लेख नभएको विषयलाई ठूलो रूपमा लिन नहुने बताउँछन् ।

क्रम संख्या उल्लेख नभएका फारम जिल्ला पठाइएको विषयमा उनले भने, 'त्यतिबेला छिटो-छिटो गर्ने भनेर सचिवालयलाई भन्यौं । पहिला सिरियलअनुसार नै थियो । अहिले छिटो-छिटो गर्ने क्रममा सिरियल नम्बर नहाली प्रेसबाट गएको रहेछ ।' समितिका अर्का सदस्य चौधरी पार्टीले नै प्रतिशत संख्या नतोकी नयाँ सदस्यता वितरण गर्ने नीति अबलम्वन गरेका कारण समितिले क्रम संख्या उल्लेख नगरी फारम पठाइएको बताउँछन् ।

'यस पटक पार्टीले नयाँ क्रियाशीलमा पहिला जस्तो लिमिटेसन नराख्ने नीति लियो । लिमिटेसन नराख्ने भनिसकेपछि जसले जति चाहियो भन्यो त्यति फारम दिने नीति अबलम्वन गऱ्यौं,' उनले भने, 'त्यसैले यो नम्बर कहीँ पनि प्रयोग नहुने गरी फारम पठायौं ।'

चौधरीले पहिले छापाइ भएका फारमहरू जेनजी आन्दोलनका क्रममा जलेपछि हतार-हतार फेरि छपाइ गरेर बिना नम्बरको फारम पठाइएको पनि बताए । 'पहिले नम्बरिङ गरेर छापिएका फारमहरू सबै जले । नयाँ प्रिन्ट गरेर आइसकेपछि फेरि नम्बर स्टाम्प हान्दा टाइम लाग्ने भएकाले हामीले जस्ताको तस्तै बिना नम्बरको फारम पठाइदियौं,' उनले भने ।

समिति सदस्य गुरुङले क्रम संख्या उल्लेख नगरिएका फारममा चलखेल हुने सम्भावना भएकाले क्रम संख्या उल्लेख गरिएका नयाँ फारम पठाउनुपर्ने पक्षमा आफू रहेको बताइन् । 'अगाडि पठाइएका २५ प्रतिशतमा नम्बर थियो । बाँकी ७५ प्रतिशतमा नम्बर नहुँदा वडामा समस्या हुने भयो,' उनको तर्क छ, 'तल्लो तहले सिफारिस गरेकालाई माथिल्लो तहले अर्को फारम हालेर, अर्को नाम लेखेर संख्या बराबर पुऱ्याइदिन सक्ने भयो । मान्छे नै फेरिदिन सक्ने सम्भावना बढी भएका कारणले क्रम संख्या भएका नयाँ फारम छपाएर पठाउनुपर्छ ।'

**केन्द्रबाट "नम्बर जेनेरेट" गर्ने तयारीमा महामन्त्री थापा**

क्रम संख्या बिनाका फारमबारे नेताहरूले चासो देखाएपछि महामन्त्री थापा क्षेत्र-क्षेत्र पुगेका सदस्यता फारमका लागि 'नम्बर जेनरेट' गर्ने तयारीमा लागेका छन् । क्रम संख्या उल्लेख नगरी पठाइएको भन्दै चौतर्फी गुनासो आएपछि समितिले नयाँ क्रियाशील सदस्यहरूका लागि १६५ वटै निर्वाचन क्षेत्रमा पठाइएका फारमका लागि 'नम्बर जेनरेट' गर्ने तयारी गरेको समिति सदस्य चौधरीले बताए ।

'यही सन्दर्भमा भर्खरै हामी बस्यौं । हिजो पनि छलफल गरेका थियौं । हिजोकै कुरालाई मानेर अगाडि बढ्ने सहमति कायम भएको छ,' उनले भने । सोमबार भएको सहमतिबारे चौधरीले भने, 'आज सचिवालयले १६५ वटै निर्वाचन क्षेत्रको नम्बरहरू जेनरेट गरिदिन्छ । उहाँहरूले त्यही नम्बर आफ्नो फारममा फिलअप गर्नुहुन्छ । नम्बर बारे यो एउटा निकासको कुरो भयो,' चौधरीले भने, 'मलाई नम्बरसहितकै चाहिन्छ भन्नुभयो भने तत्काल प्रिन्ट गरेर भोलि नै पठाइदिने व्यवस्था गर्ने भनेका छौं । नम्बर अब अनिवार्य हुने भयो ।'

तर, समिति सदस्य गुरुङले समितिमा कुनै सहमति नभएको प्रतिक्रिया दिइन् । 'सबै जनाले नम्बर नभएको फारम हुँदैन भनेर विरोध गर्नुभएको छ । समितिमा सहमति भइसकेको छैन,' उनले भनिन्, 'क्षेत्र-क्षेत्रमा सोध्ने, जहाँ समस्या छ त्यहाँ नयाँ छपाएर पठाउने, समस्या नभएको क्षेत्रमा नपठाउने भन्नुभएछ महामन्त्रीले ।'

नेतृ गुरुङले महामन्त्री थापाको पछिल्लो प्रस्ताव झनै अव्यावहारिक हुने तर्क गरिन् । 'यो त झन् अव्यावहारिक हुन्छ । कुनै ठाउँ के, कुनै ठाउँ के, यसले झन् तितरबितर हुन्छ । वडाको समस्या फरक-फरक खालको भएर हुँदैन,' उनको भनाइ थियो, 'त्यसैले नम्बरसहितको नयाँ फारम छापेर तुरुन्तै पठाउनुपर्छ भन्ने मेरो कुरा छ । निर्णय भइसकेको छैन । मंगलबार निर्णय हुन्छ ।'

समिति सदस्य रसाइलीले क्रम संख्या उल्लेख नगरिएको विषय ठूलो मुद्दा नबन्ने र दुरुपयोग हुन नदिने दाबी गरे । 'यो ठूलो इस्यु होइन । सिरियल नम्बर मिलाउने काम भइहाल्छ । त्यो केन्द्रले जेनरेट गरे पनि हुन्छ,' उनको भनाइ छ, 'अरू वैकल्पिक उपाय छन् । प्रविधिको जमानामा मिस युज हुने सम्भावना एकदमै कम हुन्छ ।'

*(स्रोतः अनलाइनखबर)*

# डाक्टर पढ्न छात्रवृत्ति पाएका रायमाझी सम्मानित

साझाकुरा संवाददाता

हेटौंडा, २९ मंसिर/ मकवानपुरको थाहा नगरपालिका वडा नम्बर ३ का परिक्षित रायमाझी सम्मानित भएका छन् । एमबीबीएस अध्ययनका लागि लिइएको प्रवेश परीक्षामा नवौं स्थानसहित उत्तीर्ण भएका रायमाझीलाई थाहा नगरपालिका वडा नम्बर ३ ले एकलाख नगदसहित सम्मान गरेको हो ।

आर्थिक वर्ष २०८२/८२ का शैक्षिक प्रवर्द्धन कार्यक्रमअन्तर्गत ३ नम्बर वडाले २८ मंसिरमा एक कार्यक्रमबीच सम्मान गरेको हो । वडाले शिक्षाक्षेत्रमा उत्कृष्ट उपलब्धि हासिल गर्ने विद्यार्थीलाई प्रोत्साहन गर्ने उद्देश्यले सम्मान प्रदान गरेको वडाअध्यक्ष हिरेन्द्रकुमार रायमाझीले बताए । अघिल्लो आर्थिक वर्षमा पनि वडाले एमबिबिएस प्रवेश परीक्षामा उत्तीर्ण थाहा-३ कटुवाल डाँडाका परिवर्तन स्याङ्तानलाई पनि शैक्षिक प्रवर्द्धन कार्यक्रमअन्तर्गत नगद एक लाख सहित सम्मान गरेको थियो ।

सम्मान कार्यक्रममा थाहा नगरपालिका प्रमुख बिष्णुबहादुर बिष्ट, प्रमुख प्रशासकीय अधिकृत निरज पौडेल, समुदायमा आधारित प्रशामक सेवाका प्रमुख चिनिया लामा, समाजसेवी अरुण रायमाझी, परिक्षित रायमाझीका अभिभावक लगायतका उपस्थिति रहेको थियो । सम्मानग्रहण गर्दै रायमाझीले प्राप्त सहयोग र सम्मानले थप मेहनत गर्न प्रेरणा मिलेको बताए । उनले वडा कार्यालयप्रति आभार व्यक्त गरे । कार्यक्रममा वडाध्यक्ष रायमाझीले आगामी दिनमा पनि शैक्षिक उपलब्धि हासिल गर्ने विद्यार्थीलाई निरन्तर प्रोत्साहन गर्ने प्रतिबद्धता जनाए ।

# पहरेघाट पुलको पिलरमा 'ज्याकेटिङ' गरियो



साझाकुरा संवाददाता

हेटौंडा, २९ मंसिर/ पूर्वपश्चिम राजमार्गको हेटौंडास्थित राप्तीखोलामा रहेको पुलको पिलरमा 'रेक्टोफिटिङ' सहित 'ज्याकेटिङ' गर्ने काम सकिएको छ ।

पुलका चारवटा पिलरको 'रेक्टोफिटिङ'सहित 'ज्याकेटिङ' गर्ने काम २८ मंसिरमा सकिएको हो । डिभिजन सडक कार्यालय हेटौंडाका ईन्जिनियर एवम् सूचना अधिकारी यादव सुवेदीले यो काममा प्राविधिक सहित १२ जना कामदार खटिएर ११ दिनमा सकिएको बताए । बाढीले क्षतिग्रस्त बनाएका चारवटा पिलरमा 'रेक्टोफिटिङ' सहित 'ज्याकेटिङ' गर्ने काम १७ मंसिरमा सुरु गरिएको थियो । पिलरको अध्ययन गर्न पुल विशेषज्ञ शिव पौडेलको टोलीले अध्ययनपछि सडक विभागलाई दिएको प्रतिवेदनका आधारमा चारवटा पिलरलाई 'रेक्टोफिटिङ' सहित 'ज्याकेटिङ' गर्ने काम सुरु गरिएको डिभिजन सडक कार्यालय हेटौंडाका प्रमुख गुरुप्रसाद अधिकारीले वताए ।

वर्षायाममा आएको राप्तीखोलाको बाढीको वहावले पिलरलाई धक्का दिने गरेको छ । जसका कारणले पिलरको सिमेन्ट बगाएर फलामका रड देखिएका थिए । फलामका रड देखिएका ठाउँमा फर्मा ठोकेर सिमेन्टको 'ज्याकेटिङ' गरेपछि पिलर सुरक्षित रहने ईन्जिनियर निरज महर्जनले बताए । २ सय १० मिटर लम्बाई रहेको पुलको सातवटा पिलर रहेका छन् । जसमध्ये चारवटा पिलरको फलाम बाहिर देखिएको थियो ।

४३ वर्षअघि भारतीय कम्पनी एनडीएलईले निर्माण गरेको यो पुलको २०५९ सालको बाढीले हेटौंडातर्फको पहुँचमार्ग बगाएको थियो । निर्माण गरेयता पुलको मर्मत कार्य भएको थिएन । हेटौंडा उपमहानगरपालिका-१० र ११ वडाको बीचमा रहेको यो पुल भएर दैनिक १० हजार भन्दा बढी सवारीसाधन आउजाउ गर्छन् । पुल निर्माण हुनुभन्दा अघि राप्तीखोलामा कजवे बनाइएको थियो ।

# 'आ बाट आमा'को गीतमा आमा-छोराको आत्मीयता र पीडा



काठमाडौं/चन्द्र पन्तको निर्देशनमा बनेको फिल्म 'आ बाट आमा'को शीर्ष गीत सार्वजनिक गरिएको छ ।

सोमबार काठमाडौंमा एक कार्यक्रमको आयोजना गर्दै निर्माण पक्षले 'सृष्टिकै पहिलो नाम' बोलको गीत दर्शकमाझ ल्याएको हो । रवि ओडको स्वर र बाबुल गिरीको शब्द तथा संगीत रहेको यस गीतले आमाको माया, समर्पण र छोराप्रतिको लगावलाई मर्मस्पर्शी रुपमा प्रस्तुत गरेको छ ।

गीतको भिडियोमा विपना थापा, प्रदीप रावत (गजनी भिलेन) र पल शाहलाई केन्द्रमा राखिएको छ । आमाको भूमिकामा रहेकी विपना छोराको यादमा तड्पिरहेकी देखिन्छन् भने पल आमा-बुबालाई खोज्दै भौतारिरहेका छन् । गीतले नै फिल्मको कथा आमा-छोराको सम्बन्धमा केन्द्रित रहेको प्रष्ट पार्छ । भिडियोमा साइग्रेस पोखरेल, सिम्रन पन्त र उषा उप्रेतीलाई पनि देख्न सकिन्छ ।

निर्देशक पन्त स्वयंको कथा र पटकथा लेखन रहेको फिल्ममा विशाल पहाडी, रवीन्द्र झा, गजित बिष्ट, हेमराज अधिकारी, दीलिप उखेडा, रचना गौतम लगायतको पनि अभिनय रहेको छ । आर्या इन्टरटेन्मेन्टको ब्यानरमा निर्माण भएको फिल्ममा ओमकार पन्त, कृष्णप्रसाद सुवेदी, ‍ुव न्यौपाने, प्रकाश कुँवर र क्षितिज ढुङ्गाना निर्मातामा छन् ।

शहीद दिवसको सार्वजनिक विदा पारेर आगामी माघ १६ गतेबाट प्रदर्शनमा आउन लागेको यस फिल्ममा अमर न्यौपाने, अभिमन्यु निरवी र निर्देशक पन्तको संवाद लेखन, नवराज उप्रेतीको डिओपी, साहिल खान र मिलन श्रेष्ठको सम्पादन, कोशिश क्षेत्री, बाबुल गिरी र थानेश्वर गौतमको संगीत तथा गम्भीर विष्ट र दीलिप उखेडाको कोरियोग्राफी रहेको छ ।

# मकवानपुरबाट ओलीपक्षमा ४ र पोखरेलपक्षमा २ जनाको उम्मेदवारी



साझाकुरा संवाददाता

हेटौंडा, २९ मंसिर/ नेकपा एमालेको ११ औं राष्ट्रिय महाधिवेशनको लागि एमाले अध्यक्ष केपी शर्मा ओलीको प्यानलमा मकवानपुरबाट ४ जनाको उम्मेदवारी रहेको छ ।

जसमा बागमती प्रदेश भुगोलतर्फको केन्द्रीय सदस्यमा रामेश्वर राना, आदीबासी जनजाति तर्फको केन्द्रीय सदस्यमा एकालाल श्रेष्ठ, खुला (युवा) तर्फबाट महेश बर्तौला र खुला महिला कोटाबाट भारती पाठक ओली प्यानलको केन्द्रीय सदस्यको उम्मेदवार बनेका छन् । राना, बर्तौला र पाठक पुन: केन्द्रीय सदस्यमा दोहोरिन लागेका हुन् भने श्रेष्ठ एमाले बागमती प्रदेश कमिटी सदस्यबाट केन्द्रीय कमिटीमा डेब्यु गर्न लागेका हुन् । त्यसैगरी ईश्वर पोखरेलको प्यानलमा मकवानपुरबाट २ जनाको उम्मेदवारी रहेको छ ।

गत मंसिर २७ बाट सुरु भएको महाधिवेशनका लागि मकवानपुर निर्वाचन क्षेत्र नम्बर १ बाट अणराज जर्गामगर, नवीन सिग्देल, फुर्वादोर्जे लामा, सुनिल मोक्तान, आरती पाठक, विना कुमारी थिङ, सीता विष्ट र बोलबहादुर कार्की प्रतिनिधि चयन भएर काठमाडौं पुगेका छन् । यस्तै, निर्वाचन क्षेत्र नम्बर २ बाट हिदम लामा, एकालाल श्रेष्ठ, बलराम बल, भगवती पुडासैनी, रोहण लामा, सुमित्रा काफ्ले, विदुर हुमागाईं, गीता काफ्ले र देवकृष्ण विक निर्विरोधरुपमा प्रतिनिधि चयन भएर हाल महाधिवेशन स्थलमा प्रतिनिधिको रुपमा पुगेका छन् ।

मकवानपुरबाट कृष्ण दाहाल खुल्ला सदस्य र दिलकृष्ण बिक दलित सदस्यको उम्मेदवार बनेका हुन् । नेतृत्वका लागि वर्तमान अध्यक्ष केपी शर्मा ओली र वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेल प्यानल नै बनाएर आमनेसामने भएका छन् । नयाँ नेतृत्व चयनका लागि पुस १ गते मतदान हुँदैछ ।

# नेकपाको हेटौंडा उपमहानगर समिति एकता विस्तार बैठक

साझाकुरा संवाददाता

हेटौंडा, २९ मंसिर/ नेपाली कम्युनिस्ट पार्टीको हेटौंडा उपमहानगरपालिका समिति एकता बिस्तार बैठक सम्पन्न भएको छ ।

नेकपाका पूर्वघटक पार्टी नेकपा माओवादी केन्द्रका नेता प्रदीप अर्यालको सभाध्यक्षतामा भएको बैठकमा संविधानसभा सदस्य प्रल्हाद लामिछानेको प्रमुख आतिथ्यता रहेको थियो । नेकपाको पूर्वघटक पार्टी नेकपा एस, नेकपा माओवादी केन्द्रका पार्टी केन्द्रीय, प्रदेश, जिल्ला र नगर तथा वडाका नेता तथा कार्यकर्ताको उपस्थिति रहेको थियो । बैठकमा सम्बोधन गर्दै संविधानसभा सदस्य लामिछानेले राजसंस्था आउँदा जनताको लोकप्रिय मत पाएर आमजनताको छोराछोरी नै राष्ट्रपति, प्रधानमन्त्री हुन पाउने अवसर गुम्ने बताए । 'एउटा वंशले राज्य गर्दा आमनागरिकले बोल्न



पाउने अधिकार थिएन । आमनागरिकले आफ्नो भावना व्यक्त गर्न पनि अनुमति लिनुपर्थ्यो लोकतान्त्रिक गणतन्त्रले त्यो अवस्थामा परिवर्तन ल्याएको छ' लामिछानेले भने ।

अबको समय छरिएर रहेका कम्युनिस्टहरु एक भएर देश बचाउने बेला आएको उनले बताए । 'अब हामी एकतामा आइसकेपछि अब छुट्टाछुट्टै नारा, जुलुस, आमसभा गर्दैनौं' उनले भने, 'यो एकता बिस्तार हो हामी एक भएर देश बचाउछौं त्यसको लागि ढिलै भएपनि चुनाव आवश्यक छ ।' हेटौंडा-४ गर्दोइस्थित पार्टी कार्यालयमा भएको कार्यक्रममा नेता सन्तोष न्यौपाने, देवराज गौतम, सागर बानियाँ, लक्ष्मी पाख्रिन, पार्टीका नगरइन्चार्ज ध्रुबबहादुर भुजेल, नेता केदानाथ दुलालगायतले मन्तव्य व्यक्त गरेका थिए ।

# मनहरीका २ सय ३७ विद्यार्थीलाई हेल्पकोडको न्यानो ज्याकेट

साझाकुरा संवाददाता

हेटौंडा, २९ मंसिर/ मकवानपुरको मनहरी गाउँपालिका वडा नं ३ र ४ मा रहेका ४ वटा विद्यालयका २३७ बालबालिकाले न्यानो ज्याकेट पाएका छन् ।

चिसो बढ्दै गएपछि विद्यालय उपस्थितिमा अनियमितता भएका बालबालिकालाई न्यानो ज्याकेट बितरण गरिएको हो । पशुपतिनाथ माविका ७५ जना बालबालिकालाई न्यानो ज्याकेट बितरण गरिएको छ ।

विकासका लागि सहयोग र सहकार्य (हेल्पकोड) नेपालले बालबालिकालाई ज्याकेट उपलब्ध गराएको हो । विद्यालयका प्रधानाध्यापक सपना लामा, व्यवस्थापन समितिका अध्यक्ष माधव गौतम लगायतले ज्याकेट बितरण गरेका हुन् । न्यानो ज्याकेट पाएपछि बालबालिकालाई नियमिति विद्यालय आउन समस्या नहुने अभिभावकले बताएका छन् ।

मंसिर पुसको ठण्डीमा पनि सामान्य एउटा विद्यलाय पोशाकको भरमा बालबालिका विद्यालय आउने गरेका छन् । हेल्पकोड नेपालका कार्यक्रम संयोजक ईन्द्रप्रसाद पाण्डे, फिल्ड अधिकृत विकास चेपाङले वार्षिक कार्यक्रमबाट बचेको रकमबाट बालबालिकालाई ज्याकेट उपलब्ध गराइएको जानकारी दिए । मनहरी-४ को सृजना प्राविका ६३ जना बालबालिकालाई सोमबार न्यानो ज्याकेट बितरण गरिएको विद्यालयका प्रधानाध्यापक राजेन्द्र न्यौपानेले जानकारी दिए ।

मनहरी-४ को चेपाङ प्राविका ५६ जना बालबालिकालाई न्यानो कपडा बितरण गरिएको विद्यालयका प्रधानाध्यापक गोकर्ण तितुङले बताए ।

मनहरी-३ को नवज्योति प्राविका ४३ जनालाई गाउँपालिका शिक्षाप्रमुख प्रदीप पराजुली, सहायक विद्यालय निरीक्षक लक्ष्मण अधिकारीको उपस्थितिमा ज्याकेट बितरण गरिएको विद्यालयका प्रधानाध्यापक कलावती अधिकारीले जानकारी दिइन् ।

**ब्लु हेवन टेलर्स सरेको सूचना**

हेटौंडा बुद्धचोक मेनरोडमा रहेर यहाँहरुको सेवामा लामो समयदेखि समर्पित यस ब्लु हेवन टेलर्स कान्तिराजपथस्थित शाक्य प्लाजा भवनमा सरेको सम्पूर्णमा जानकारी गराउँदछौं ।

**ब्लु हेवन टेलर्स्**
हेटौंडा-२, कान्तिराजपथ
९८४५०२२९८१

***के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?***

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

**Printer Shop**
*The complete office solution*
*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*
*tonerhouse_htd@yahoo.com*

### प्रदेश सरकारको ४ महिनाको खर्च साढे २१ अर्ब

# पहिलो चौमासमा ६ खर्ब ८७ अर्ब रेमिट्यान्स भित्रियो

साझाकुरा संवाददाता

हेटौंडा, २९ मंसिर/ प्रदेश सरकारहरुले ४ महिनामा साढे २१ अर्ब हाराहारी खर्च गरेका छन् । नेपाल राष्ट्र बैंकले सोमबार सार्वजनिक गरेको चालु आर्थिक वर्ष २०८२/८३ को समग्र आर्थिक तथा वित्तीय अवस्था अनुसार कात्तिकसम्म ७ प्रदेश सरकारले २१ अर्ब ४१ करोड रुपैयाँ खर्च गरेका हुन् ।

त्यति खर्च गर्दा प्रदेश सरकारहरुको स्रोत परिचालन ६० अर्ब ३६ करोड रुपैयाँ देखिएको छ । राष्ट्र बैंकका अनुसार प्रदेश सरकारहरुको कुल स्रोत परिचालनमा नेपाल सरकारले हस्तान्तरण गरेको अनुदान र विभाज्य कोषबाट बाँडफाँट हुने राजस्व समेत गरी ४७ अर्ब ३ करोड र प्रदेश सरकारले परिचालन गरेको तथा अन्य स्रोतबाट प्राप्त राजस्व १२ अर्ब ४८ करोड रुपैयाँ छ । चालू आर्थिक वर्ष २०८२/८३ को चार महिनामा पौने ७ खर्ब रुपैयाँ रेमिट्यान्स भित्रिएको छ । प्रतिवेदन अनुसार चार महिना अर्थात् साउनदेखि कात्तिकसम्म ६ खर्ब ८७ अर्ब १३ करोड रुपैयाँ रेमिट्यान्स भित्रिएको हो । यो गएको वर्षको यही अवधिको तुलनामा ३१ दशमलव ४ प्रतिशतले धेरै हो ।



राष्ट्र बैंकको तथ्यांक अनुसार कात्तिक महिनामै १ खर्ब ३३ अर्ब ८२ करोड रुपैयाँ रेमिट्यान्स भित्रिएको छ । गएको वर्षको यही महिनामा १ खर्ब १४ अर्ब ३१ करोड रुपैयाँ रेमिट्यान्स भित्रिएको थियो । चार महिनामा वैदेशिक रोजगारीमा जाने नेपालीको संख्या घटेको छ । यसअवधिमा वैदेशिक रोजगारीका लागि अन्तिम श्रमस्वीकृति लिनेको संख्या १ लाख ४५ हजार ९ सय ७३ र पुन: श्रमस्वीकृति लिनेको संख्या १ लाख २७ हजार ८ सय ३७ रहेको छ । अघिल्लो वर्षको यही अवधिमा १ लाख ४७ हजार ४ सय ७८ जनाले अन्तिम श्रमस्वीकृति र ९४ हजार १ सय ५ जनाले पुन: श्रमस्वीकृति लिएका थिए ।

यस्तै विदेशी मुद्रा सञ्चिति ३० खर्ब ५५ अर्ब ५२ करोड रुपैयाँ पुगेको छ । गएको असार मसान्तसम्म २६ खर्ब ७७ अर्ब ६८ करोड रुपैयाँ रहेको विदेशी मुद्रा सञ्चिति १४ दशमलव १ दशमलव ३ प्रतिशतले बढेको हो । चार महिनासम्म चालू खाता २ खर्ब ७९ अर्ब ६५ करोड रुपैयाँले बचतमा रहेको छ । शोधनान्तर स्थिति ३ खर्ब १८ अर्ब ४० करोड रुपैयाँले बचतमा रहेको छ । चालू आर्थिक वर्षको चार महिनामा कुल वस्तु निर्यात ७७ दशमलव ५ प्रतिशतले बढेर ९३ अर्ब ५० करोड रुपैयाँ पुगेको छ ।

चार महिनामा कुल वस्तु आयात १८ दशमलव ७ प्रतिशतले बढेर ६ खर्ब ९ अर्ब ४५ करोड रुपैयाँ पुगेको छ । योसँगै कुल वस्तु व्यापार घाटा १२ प्रतिशतले बढेर ५ खर्ब १५ अर्ब ९६ करोड रुपैयाँ पुगेको छ । गएको कात्तिक महिनामा वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फीति १ दशमलव ११ प्रतिशत रहेको छ । अघिल्लो वर्षको यही अवधिमा उपभोक्ता मुद्रास्फीति ५ दशमलव ६० प्रतिशत रहेको थियो ।

## सबै धर्म रक्षा गर्नुपर्ने सरकारको दायित्व हो: अध्यक्ष मुक्तान



साझाकुरा संवाददाता

हेटौंडा, २९ मंसिर/ मकवानपुरको कैलाश गाउँपालिका अध्यक्ष लोकबहादुर मुक्तानले सरकारको कुनै धर्म हुँदैन र सबै धर्म रक्षा गर्नुपर्ने दायित्व रहेको बताएका छन् ।

इसाई एकता समाज कैलाशले आयोजना गरेको गाउँपालिकास्तरीय येशु खीष्टको जन्मोत्सव (खीष्टमस) को शुभकामना आदानप्रदान कार्यक्रमलाई सम्बोधन गर्दै उनले जात धर्म र कला संस्कृतिको जर्गेना सरकारले गर्ने बताए । 'हामी सबै धर्मालम्बीमा सामूहिक एकता आवश्यकता पर्दछ । आफ्नो संस्कार उठाउन सकेनौ भने हामी कहिल्यै पनि एकताको सुत्रभित्र बाँध्न सक्दैनौ' उनले भने, 'सबै धर्म बराबर हुन्, स्थानीय सरकारले सबै मेला, जात्रा र पर्व मनाउनलाई आवश्यक बजेट विनियोजन गरेका छौं ।'

अन्य पर्वमा धेरै दिन बिदा रहने हुँदा क्रिसमसमा एकदिन मात्रै बिदा हुने भएकाले इसाई धर्मालम्बीको संस्कार र परिधिभित्र बसेर यसवर्ष गाउँपालिकाले क्रिसमस डे पर्वका लागि तीनदिन बिदा दिने अध्यक्ष मुक्तानले घोषणा गरेका छन् । त्यस्तै, गाउँपालिका उपाध्यक्ष बालकुमार मल्ल ठकुरीले पर्वले मानिसमा एकताको भाव जगाउने बताए । धर्म, परम्परा र रीतिरिवाज आफ्नो आफ्नो छ, सबैको रक्षा सरकारले गर्ने उनले बताए । उनले धार्मिक सहिष्णुता अब्बल भए समाजमा परिवर्तन हुने बताएका छन् ।

इसाई एकता समाजका अध्यक्ष आशिष थिङको अध्यक्षतामा भएको कार्यक्रममा वडा २ का अध्यक्ष राजेन्द्र घिसिङ, वडा ३ का अध्यक्ष देवलाल बल, वडा ४ का अध्यक्ष तिलकबहादुर मुक्तान, वडा ७ का अध्यक्ष उदासकुमार भोलन, वडा ८ का अध्यक्ष आशिष प्रजा, एनसिएफ नेपालका अध्यक्ष रेभरेन हनोक तामाङ, कार्यपालिका सदस्यहरु राममाया प्रजा, सुन्तली सुनुवार, सम्झना मुक्तान, दिलमाया थिङलगायत विभिन्न राजनीतिक दलका प्रतिनिधि, सुरक्षाकर्मी लगायतको आतिथ्यता रहेको थियो । कार्यक्रममा विभिन्न मण्डलीका कलाकारले गायन तथा नृत्य प्रस्तुत गरेका थिए । कैलाशमा ४२ वटा विभिन्न मण्डलीमा करिब पाँच हजार इसाई धर्मालम्बी रहेका छन् ।

## मनहरीमा साथीले बोकेको बन्दुक पड्किंदा एक जनाको मृत्यु

साझाकुरा संवाददाता

हेटौंडा, २९ मंसिर/ मकवानपुरको मनहरी गाउँपालिका-६ स्थित सिस्नेरीपखेरा जंगलमा शिकार गर्न हिँडेका शिकारीको भरुवा बन्दुक पड्किंदा सँगै गएका साथीको मृत्यु भएको छ ।

राक्सिराङ गाउँपालिका-८ राजराङका ४५ वर्षीय गोपाल ब्लोनले बोकेको भरुवा बन्दुक पड्किएर उनीसँगै शिकार गर्न गएका मनहरी गाउँपालिका-६ बालुभञ्जाङ निवासी ५० वर्षीय सेते थिङको मृत्यु भएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ । जिल्ला प्रहरी कार्यालयका प्रवक्ता प्रहरी नायवउपरीक्षक पुष्कर बोगटीका अनुसार ब्लोन र सेते दुवै जनासँगै एकएक थान भरुवा बन्दुक बोकेर जंगलमा शिकार गर्न हिँडेकामा अगाडि हिँडिरहेका ब्लोन लहरामा अल्झिएर लडेपछि अचानक बन्दुक पड्किएको र पछिपछि आइरहेका थिङको बन्दुकको गोली लागेर घटनास्थलमै मृत्यु भएको हो ।

घटनालगत्तै इलाका प्रहरी कार्यालय मनहरी र प्रहरीचौकी सुनाचरीबाट खटिएको प्रहरीटोलीले दुवै हतियारसहित ब्लोनलाई पक्राउ गरिएको प्रहरी नायवउपरीक्षक बोगटीले बताए । मृतकको शवपरीक्षणका लागि हेटौंडा अस्पताल ल्याइएको र घटनाबारे थप अनुसन्धान अघि बढाइएको प्रहरीको भनाइ छ ।


## लेखा परीक्षणका लागि प्रस्ताव (आशयपत्र) पेश गर्नेबारे सूचना !

मिति :२०८२।०९।०१

पालुङ बहुउद्देश्यीय सहकारी संस्थाको आ.व. २०८२।८३ को अन्तिम लेखा परीक्षणका लीग इच्छुक चार्टड एकाउन्टेन्टस् एशोसिएट्स फर्म वा कम्पनीले तपसिलका कागजात लेखा परीक्षण शुल्क (भ्याट सहित) स्पष्ट तोकी यो सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र इमेल वा कुनै माध्यमबाट प्रस्ताव (आशयपत्र) पेश गर्न सूचित गरिन्छ ।

**पेश गर्नुपर्ने कागजातहरु**

१. नवीकरण भएको दर्ता प्रमाणपत्र तथा पेशागत प्रमाणपत्र
२. करचुक्ता प्रमाणपत्र तथा पान
३. कम्पनी वा फर्मको प्रमाणपत्र

**पालुङ बहुउद्देश्यीय सहकारी संस्था लि.**
थाहा-४, मकवानपुर
फोन: ०५७-४००००६
इमेल: pacospalung@gmail.com



## सावधानी अपनाऔं, जीवनलाई सुरक्षित बनाऔं ।

- ट्राफिक नियम पालना गरौं,
- तीव्र गतिमा सवारी साधन नचलाऔं,
- सवारी साधन चलाउँदा सावधानी अपनाऔं.
- सवारी चालकले सिटबेल्ट, हेलमेट अनिवार्य प्रयोग गरौं,
- मद्यपान तथा लागु पदार्थ सेवन गरेर सवारी साधन नचलाऔं,
- सवारी चालकले मद्यपान तथा लागु पदार्थ सेवन गरेको शंका लागेमा तत्काल प्रहरीलाई खवर गरौं,
- पैदल यात्रुले बाटो काट्दा जेब्राक्रस वा आकाशे पुलको प्रयोग गरौं,
- सवारी साधन नियमित मर्मतसम्भार गरौं,
- दुर्घटना भएमा तुरुन्त प्रहरी वा स्वास्थ्य संस्थामा सम्पर्क गरौं।

*सावधानी अपनाऔं, जीवनलाई सुरक्षित बनाऔं ।*

**हेटौंडा उपमहानगरपालिका**
**१७ नं. वडा कार्यालय**
हटिया, हेटौंडा, मकवानपुर



## व्यक्तिगत घटना दर्ता सम्बन्धी सूचना

जन्म, मृत्यु, विवाह, बसाई सराई र सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटना आफ्नो स्थायी वडा कार्यालयमा गई घटना घटेको ३५ दिनभित्रै दर्ता गरौं र गराऔं।

जन्म दर्ता किन गर्ने ?




हेटौंडा उपमहानगरपालका
८ नं. वडा कार्यालय
हेटौंडा, कमाने, मकवानपुर



## दिव्यतारा बहुउद्देश्यीय सहकारी संस्था लि.

हेटौंडा-२, पल्पसारोड, मकवानपुर

### ऋण कर्जा भुक्तानी गर्ने ३५ दिने सार्वजनिक सूचना !

*प्रकाशित मिति: २०८२/०९/०१ गते*

तपशिलमा उल्लेखित तपाई ऋणी सदस्यहरुले यस संस्थाबाट कर्जा लिई संस्था र तहाँहरुबिच भएको सहमति अनुसार तोकिएको कर्जाको सावाँ, ब्याज, हर्जना आदि नियमित रुपमा बुझाउन पर्नेमा नतिरी नबुझाई लामो समयदेखि बक्यौता राखी संस्थासँग गरेको कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गर्नु भएकोले संस्थाले कर्जा चुक्ता भुक्तानीको लागी ऋणी तथा व्यक्तिगत धन जमानिकर्ताहरुलाई पटक-पटक मौखिक तथा लिखित रुपमा जानकारी तथा ताकेता गर्दा समेत कर्जा चुक्ता गर्ने तर्फ कुनै चासो नदेखाई ब्यवास्ता गरी बस्नु भएकोले तपाई तपशिलमा उल्लेखित ऋणी एवम् ब्यक्तिगत धन जमानि दिनेको नाममा कर्जा चुक्ता भुक्तानी गर्न आउने/लगाउने बारेको ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । अत: यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र यस संस्थामा सम्पर्क राखि आफुले लिएको कर्जाको बुझाउन पर्ने सम्पूर्ण सावाँ, ब्याज तथा हर्जना समेत बुझाई कर्जा चुक्ता भुक्तान गर्नुहोला । अन्यथा सहकारी ऐन २०७४ एवम् सहकारी नियमावली २०७५ र अन्य प्रचलित नेपाल कानुनवमोजिम संस्थाको लेना रकम असुलउपर गरिने ब्यहोरा समेत सम्बन्धित सबैलाई यो सूचनाबाट जानकारी गराइन्छ ।

**तपशिल**

| क्र.सं | नाम | ठेगाना | क्र.सं | नाम | ठेगाना |
|---|---|---|---|---|---|
| १. | तुलसिराम राउत<br>(ना.प्र.नं.३४।१८५, मकवानपुर)<br>बाजे : दिल बहादुर राउत<br>पिता : यम बहादुर राउत | मकवनपुर खैराङ-१, हाल हेटौंडा-४ पशुपति मन्दिर | २०. | जानकी लामा तामाङ<br>(ना.प्र.नं. २६५६९, मकवानपुर)<br>पिता : जय बहादुर लामा<br>पति : सुर्य बहादुर तामाङ | साविक मनहरी वडा नं. १, लोथर हाल हेटौंडाउपमहानगर पालिका-२ |
| २. | मच्छेन्द्र लालनकर्मी<br>(ना.प्र.नं. ५०५७, मकवानपुर)<br>बाजे : देव नारायण नकर्मी<br>पिता : देवलाल नकर्मी | स्थायी भिमफेदी भई हेटौंडा उपमहानगर पालिका-२ | २१. | अमर स्वरालि मगर<br>(ना.प्र.नं. १९/१४८५४, मकवानपुर)<br>बाजे : रत्न बहादुर स्वरालि मगर<br>पिता : भिम बहादुर स्वरालि मगर | साबिक फापरवारी वडा नं.५ हाल बागमती गाउँपालिका-७ |
| ३. | कल्पना बगाले<br>(ना.प्र.नं. ११६८६, मकवानपुर)<br>ससुरा : हरि बल्लब सिवाकोटि<br>पति: शिव कुमार सिवाकोटि | हेटौंडा उपमहानगर पालिका-१९, बस्तिपुर | २२. | पुष्पराज कप्रौला<br>(ना.प्र.नं. ३१३०२३।९८७ क, मकवानपुर)<br>बाजे : सुर्य प्रसाद कप्रौला<br>पिता : राम प्रसाद कप्रौला | उपमहानगरपालिका हेटौडा-११, नवलपुर |
| ४. | दल बहादुर बैज्यु<br>(ना.प्र.नं.११।१६८६,मकवानपुर)<br>बाजे : सोम बहादुर वज्य<br>पिता : मिनबहादुर वज्यु | साविक मकवानपुर गढि-४ | २३. | सन्तोषी थिङ<br>(ना.प्र.नं.१८।१३७९९, मकवानपुर)<br>पति : संजय घलान<br>पिता : भिम बहादुर थिङ | साविक: पदमपोखरी-८ हाल-हेटौडा उपमहानगर पालिका-१ |
| ५. | राम कृष्ण माझी<br>(ना.प्र.नं.३१३०१३।२०८, मकवानपुर<br>बाजे : कान्छा माझी<br>पिता : तुलबहादुर माझी | स्थायी हटिया वडा नं.३ | २४. | उमेश कुमार महर्जन<br>ना.प्र.नं. १६०३२२८०४, पर्सा)<br>बाजे : कान्छा महर्जन<br>पिता : वालगोपाल महर्जन | साविक-विरगंज पर्सा हाल: हेटौंडा उपमहानगर पालिका-५ |
| ६. | सावित्रि पण्डित<br>(ना.प्र.नं३२६।६४५, मकवानपुर)<br>ससुरा : सुरथ बहादुर पण्डित<br>पति : कृष्ण बहादुर पण्डित | हेटौंडा उपमहानगर पालिका-११, हाल झापा | २५. | रामबहादुर गोले (ना.प्र.नं. ३१-०१-७५-०६१८३, मकवानपुर)<br>बाजे : सावल सिं गोले<br>पिता : कुमार सिं. गोले | मकवानपुर गढी वडा नं.२ हाल : हेटौडा उपमहानगर पालिका-९ |
| ७. | सुनिल राउत<br>(ना.प्र.नं १५५९०, मकवानपुर)<br>बाजे : कर्ण बहादुर राउत<br>पिता : नेत्र बहादुर राउत | स्थायी बारा जिल्ला निजगढ, हाल हेटौंडा उपमहानगरपालिका-०५ | २६. | बेल बहादुर मोक्तान<br>ना.प्र.नं.४।२५५४, मकवानपुर)<br>बाजे : टेक बहादुर मोक्तान<br>पिता : जीत बहादुर मोक्तान | साविक: मकवानपुर जिल्ला गोगने वडा नं.७ हाल: कैलाश-६ |
| ८. | गोकर्ण थापा<br>ना.प्र.नं.२७।११९०, मकवानपुर)<br>बाजे : बिर बहादुर थापा<br>पिता : जितबहादुर थापा | साबिक बसामाडी-०५, हाल चितवन | २७. | मुना कुमारी पाठक<br>(ना.प्र.नं. ६९८२३०९०, सर्लाही)<br>पति : रन्जनकुमार कठायत<br>पिता : शिबबहादुर पाठक | हेटौंडा उपमहानगर पालिका-५, सानोपोखरा |
| ९. | एकराज कार्की (ना.प्र.नं. ३१-०१-७२-०६०४६, मकवानपुर)<br>बाजे : केशर बहादुर कार्की<br>पिता : रुप बहादुर कार्की | मनहरी गा.पा वडा नं.३ भुन्द्रङ | २८. | बिर बहादुर सुनार<br>(ना.प्र.नं.१६३१, मकवानपुर)<br>बाजे : बद्रिमान सुनार<br>पिता : मानबहादुर सुनार | साविक चुरीयामाई-७ हाल: हेटौंडा उपमहानगर पालिका-१५ |
| १०. | सन्तोष गोतामे<br>(ना.प्र.नं.२९।६०१, मकवानपुर)<br>बाजे : श्री काजिवावु गोतामे<br>पिता : गोपाल गोतामे | स्थायी हाडिखोला वडा नं.७, अस्थायी हेटौंडा-४ | २९. | भिमसेन घलान (ना.प्र.नं. ३१-०१-६९-०७३४९, मकवानपुर)<br>बाजे : जित ब.घलान<br>पिता : सुकलाल घलान | साविक: पदमपोखरी-०६, हाल: परिवर्तित हेटौंडा उप महानगरपालिका-१३, टुटेपानि |
| ११. | कमल बहादुर लो<br>ना.प्र.नं. ४३२२१, ललितपुर)<br>बाजे : विवै सिं लो<br>पिता : श्यामबहादुर लो | ललितपुर जिल्ला माल्टा वडा नं.-३ | ३०. | किशोर काजि श्रेष्ठ (ना.प्र.नं. ३१-०१-७३-११४१८, मकवानपुर)<br>बाजे : पदम बहादुर श्रेष्ठ<br>पिता : कृष्ण बहादुर श्रेष्ठ | हेटौंडा उपमहानगर पालिका-२, विजयपथ |
| १२. | उमा सुवेदी<br>(ना.प्र.नं.५७/३७८३२, मकवानपुर)<br>बाजे : उमाकान्त सुवेदी<br>पिता : कृष्ण प्रसाद सुवेदी | हेटौंडा उपमहानगरपालि-५, जिएस चोक | ३१. | शान्ती माया गोले<br>(ना.प्र.नं.२४।८०१, मकवानपुर)<br>पति : लक्ष्मण ठकुरी<br>पिता : सन्तबहादुर गोले | हेटौंडा उपमहानगर पालिका-९, चोधघरे |
| १३. | रजनी चौलागाई (ना.प्र.नं. ३१-०१-७२-०१६१६, मकवानपुर)<br>बाजे : मान बहादुर कार्की<br>पिता : सुर्य बहादुर कार्की | हेटौंडा उपमहानगर पालिका-९ | ३२. | पुरुषोत्तम रौनियार<br>(ना.प्र.नं. ५०, मकवानपुर)<br>बाजे : श्री रामचन्द्र प्रसाद गुप्ता<br>पिता : रघुनाथ प्रसाद रौनियार | हेटौंडा उपमहानगर पालिका-४, स्कुलरोड |
| १४. | झम्क कुमारी खड्का<br>पिता : राम प्रसाद रीमाल<br>पती : टिका बहादुर खड्का | हेटौंडा-८, कर्रा | ३३. | मोहम्मद सामसद मिया<br>बाजे : दिलसेर मिया अन्सारी<br>पिता : शहिद मिया अन्सारी<br>जमानत : कायामा खातुन | हेटौंडा-५, राइटोल |
| १५. | रोमन आचार्य (ना.प्र.नं. ३१-०१-७०-०१२८२, मकवानपुर)<br>बाजे : कृष्ण प्रसादआचार्य<br>पिता : नारायण प्रसादआचार्य | हेटौंडा उपमहानगर पालिका-०७, न्युरेनी | ३४. | हिमा लामा (ना.प्र.नं. ३३१०६३।८३८६, बारा)<br>बाजे : राम बहादुर तामाङ<br>पिता : सुर्य बहादुर तामाङ | मनहरी-६, लोथर |
| १६. | मन्जील बजगाई (ना.प्र.नं. ०९-०१-७२-०२२७३, मकवानपुर)<br>बाजे : टंक प्रसाद बजगाई<br>पिता : लक्ष्मी प्रसाद बजगाई | हेटौंडा उपमहानगर पालिका-०२, मनकामनाचोक | ३५. | अणु कुमार बलामी<br>(ना.प्र.नं. ४७।३०७, मकवानपुर)<br>बाजे : श्री सोमलाल<br>पिता : नन्दलाल | ईन्द्रसरोवर-२, कलंकी |
| १७. | प्रकाश रइया (ना.प्र.नं. ३११०२३।६३२८५, मकवानपुर)<br>बाजे : गोरख बहादुर राई<br>पिता : मवा रइया | हेटौंडा उपमहानगर पालिका-९, हाल चितवन | ३६. | जमान सिं. घलान<br>(ना.प्र.नं. १३८, मकवानपुर)<br>बाजे : विमान सिं. घलान<br>पिता : सुन लामा घलान<br>जमानत : शेरमान घलान | बकैया-५, छतिवन |
| १८. | पुस्कल न्यौपाने<br>ना.प्र.नं. २७/८७१ मकवानपुर)<br>बाजे : देबदत्त न्यौपाने<br>पिता : वासुदेव न्यौपाने | हेटौंडा उपमहानगर पालिका-१०, भुटनदेबी रोड, हाल काठमाडौ | ३७. | सीता सुनारी मगर<br>(ना.प्र.नं.४०।२७०६४, मकवानपुर)<br>ससुरा : रामबहादुर पुलामी<br>पती : शिवकुमार पुलामी<br>जमानत : लालबहादुर श्रेष्ठ | साविक: भिमफेदी-१, हाल: हेटौंडा-११, नवलपुर |
| १९. | सलमा खातुन<br>(ना.प्र.नं.३२१०७७।१८३, मकवानपुर)<br>ससुरा : शेख खजान्ति<br>पती : शेख खेरुल्लाह | साविक गणविर्ता-५, रौतहट हाल हेटौंडा-२ | | | |

**पुनश्च** : यस संस्थाबाट कर्जा लिई सम्झौताबमोजिम संस्थामा तिर्न बुझाउन बाँकी राख्नु भएका अन्य ऋणी सदस्यहरुलाई समेत यहि २०८२ साल पौष मसान्तभित्रमा बाँकी बक्यौता तिर्न बुझाउन हुन समेत यसै सूचना मार्फत जानकारी गराइन्छ ।

**दिव्यतारा बहुउद्देश्यीय सहकारी संस्था लि.**
हेटौंडा-२, पल्पसारोड, मकवानपुर
फोन नम्बर: ०५७-५२४९१६, ५२५९१७ । मो.नं. ९८५५०८९८२३
इमेल : divyatara2000@gmail.com


साझाकुरा राष्ट्रिय दैनिकका लागि सविन न्यौपानेद्वारा प्रकाशित, सम्पादक: सरला खनाल, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रण: सफल छापाखाना